# अध्याय-एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषा पाठ्य पुस्तक खास तह र कक्षाका निमित्त पाठ्यक्रमका भाषिक अपेक्षाहरु परिपूर्ति गर्ने गरी विषय विशेषज्ञद्वारा सङ्कलन, सम्पादन वा लेखन गरिएका पाठ्यवस्तुहरुको छनोट र स्तरण गरी प्रस्ताविक र अनुमोदित महत्वपूर्ण शिक्षण तथा सिकाइ सामग्री हो । यो सरल, सहज, विश्वासनीय, रुचिपूर्ण र भरपर्दो साधन हो । भाषिक र भाषेतर विषयको संयोजन गरी पर्याप्त अभ्यास र आवृत्तिको अवसर दिई भाषिक सिपहरु हासिल गराउने माध्यम भाषा पाठ्य पुस्तक हो । विद्यार्थीलाई के पढ्ने भन्ने चिन्ताबाट र शिक्षकलाई के कसरी कुन क्रममा पढाउने भन्ने चिन्ताबाट मुक्त बनाउने साधन भाषा पाठ्य पुस्तक हो (ढकाल, २०७३:२५५) ।

भाषा पाठ्यपुस्तक के हो ? भन्ने सन्दर्भमा विभिन्न मतहरु अभिव्यक्त भएको पाइन्छन् । जसमध्ये केही विद्वानहरुको अभिव्यक्ति निम्न अनुसार रहेको पाइन्छ :-

प्रयोगात्मक नेपाली शब्दकोश (२०६१) का अनुसार "पाठ्य विषयवस्तु सङ्कलन गरिएको पुस्तक तथा कक्षामा पढाउनु पर्ने पुस्तकलाई पाठ्य पुस्तक भनिन्छ ।"

क्रोनबाक (१९४९-१८) का अनुसार "पाठ्य पुस्तक खास गरेर कलिला (अपरिपक्क) सिकारुका लागि पाठ्यक्रमका आधारमा पूर्ववर्ती र उत्तरवर्ती पाठहरुको सम्बन्धलाई विचार गरेर लेखिएको हुन्छ," (ढकाल, प्रा.शान्ति प्रसाद (२०७३), प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम) ।

मिश्र (१९७०) का अनुसार "जति औपचारिक शिक्षण सिकाइमा प्रयोग हुन्छ, त्यत्तिकै अनौपचारिक शिक्षण परिस्थिति र स्वअध्ययन परिस्थितिमा प्रयोग उपयोग हुने अति महत्वपूर्ण सामग्री नै पाठ्य पुस्तक हो" (ढकाल, प्रा.शान्ति प्रसाद (२०७३), प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम) ।

माथिको परिभाषाको आधारमा के भन्न सकिन्छ भने पाठ्य पुस्तक औपचारिक र अनौपचारिक दुवै किसिमको शिक्षाका लागि आवश्यक सामग्री हो ।

भाषा पाठ्य पुस्तकका बाह्य वा परिधीय र आन्तरिक वा केन्द्रिय गरी विश्लेषणका दुई आधार हुन्छन् । आन्तरिक आधार अन्तर्गत पाठ्य पुस्तक, शब्द भण्डार, भाषा, नमूना

अभ्यास, चित्रहरु पर्दछन् भने बाह्य आधारमा बनोट, अक्षराकार र ठाउँ छोडाइ, छपाइ र बँधाइ, कागजको स्तर मूल्य, सुलभता जस्ता कुराहरु पर्दछन् (ढकाल २०७३:२४०) ।

कुनै पनि भाषा पाठ्यपुस्तकको अध्ययन विश्लेषण र मूल्याङ्कन त्यसमा हुनुपर्ने आन्तरिक र बाह्य वा परिधिय विशेषताहरुका आधारमा गर्न सकिन्छ । सर्वप्रथमः पाठ्यपुस्तकका आन्तरिक र बाह्य विशेषताहरुलाई केलाएर हेरिन्छ । यसरी केलाएर हेर्दा प्राप्त भएका सकारात्मक र नकरात्मक पक्षहरुलाई व्याख्या विश्लेषण गरिन्छ अनि त्यसै व्याख्या विश्लेषणका आधारमा कुनै पनि तह वा कक्षाका लागि पाठ्यपुस्तक छनोट गर्न सकिन्छ । भाषा पाठ्य पुस्तकको बाह्य आन्तरिक विशेषताहरुलाई केलाएर अध्ययन विश्लेषण गर्दा पाठ्यपुस्तक कत्तिको प्रभावकारी, व्यावहारिक, विद्यार्थीहरुको उमेर र पूर्वज्ञान अनुसार छ भन्ने स्पष्ट पार्न सकिन्छ ।

यस अध्ययनमा कक्षा **९ को नेपाली भाषा पाठ्यपुस्तक (२०७५) को बाह्यान्तरिक विशेषताका आधारमा विश्लेषण** गरिन्छ । भाषा पाठ्यपुस्तकको अध्ययन गर्दा बाह्य विशेषता तथा आन्तरिक विशेषतालाई आधार मानेर अध्ययन विश्लेषण गर्नुपर्ने हुन्छ । भाषा पाठ्यपुस्तकको बाह्य विशेषतामा स्वरुप/बनोट र आवरण, अक्षराकार, ठाउँ छोडाइ र अन्तराल, छपाइ र बँधाइ, कागतको स्तर, मूल्य र सुलभता पर्दछन् भने आन्तरिक विशेषतामा स्तरगत उपयुक्तता अन्तर्गत पाठ्यवस्तु, शब्दभण्डार, भाषा संरचना, नमुना अभ्यास, चित्र एवम् चित्रवत् सामग्री पर्दछन् भने प्रस्तुतिगत उपयुक्तता अन्तर्गत छनौट र स्तरण पर्दछन् (पौडेल, २०७६:२८८), यिनै विशेषताहरुलाई आधार मानेर यस अध्ययनमा पाठ्यपुस्तकको विश्लेषण गरिन्छ ।

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत स्नाकोत्तर तह र दोश्रो वर्षको ने.पा.शि. ५९८ पाठ्यांशको आवश्यकता परिपूर्तिका निम्ति तयार पारिएको छ ।

## १.२ समस्या कथन

नेपाल भूगोलमा सानो राष्ट्र भएतापनि बहुजातीय,बहुभाषिक तथा बहुसाँस्कृतिकराष्ट्रहो । नेपालमा पाँच परिवारका भाषाहरु बोलिन्छन् (न्यौपाने, २०७३:३२०) नेपाली भाषा अन्य भाषा बोल्ने नेपालीहरु बिच सम्पर्क भाषाका रुपमा रहको छ । मानिसले विभिन्न ज्ञान, सिप आदि कुराहरु भाषाकै माध्यमबाट सिक्दछन् । भाषालाई सबल र सक्षम

बनाउने क्रममा विद्यालय तह देखि अनिवार्य रुपमा अध्ययन अध्यापन भइरहेको पाइन्छ भने उच्च शिक्षाको अध्ययन अध्यापनमा अनिवार्य वाऐच्छिक दुवै विषयकारुपमा समावेशगरिएको छ ।

पाठ्यपुस्तक विभिन्न विशेषताहरुले भरिपूर्ण हुनुपर्दछ । पाठ्यपुस्तक विद्यार्थीका लागि कुनै निश्चित ज्ञान, सिप प्राप्तिका सम्बन्धमा तोकिएका विषयको समावेश गरिएको हुन्छ । भाषा पाठ्यपुस्तक आन्तरिक र बाह्य विशेषताले युक्त भएमा मात्र उपयोगी हुने गर्दछ । यस अध्ययनमा कक्षा-९ को नेपाली भाषा पाठ्यपुस्तक (२०७५) को आन्तरिक विशेषताले भरिपूर्ण रहे नरहेको पत्ता लगाउने प्रयास गरिन्छ । आन्तरिक विशेषताले भरिपूर्ण भए कति मात्रामा भरिपूर्ण छ ? त्यसले विद्यार्थी तथा सम्पूर्ण शिक्षासँग सम्बन्धित पक्षलाई फाइदा पुग्छ पुग्दैन अध्ययन गर्नुपर्दछ । त्यसैगरी बाह्य विशेषताले युक्त छ छैन ? नभए के के कुराले कमि रहेको छ ? ती सम्पूर्ण कुराहरुलाई अध्ययन गरेर एउटा उचित निष्कर्षमा पुग्न यस अध्ययन गरिन्छ ।

प्रस्तुत अध्ययन निम्न लिखित समस्या केन्द्रित रहेको छ :-

(क) कक्षा ९ को नेपाली भाषा पाठ्यपुस्तक (२०७५) को बाह्य विशेषताका आधारमा विश्लेषणकस्तो छ ?

(ख) उक्त पाठ्यपुस्तक आन्तरिक विशेषताका आधारमा कस्तो छ ?

## १.३अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनका उद्देश्य निम्न अनुसार हुने छन् :-

(क) कक्षा ९ को नेपाली भाषा पाठ्यपुस्तक (२०७५) को बाह्य विशेषताका आधारमा विश्लेषण गर्नु ।

(ख) उक्त पाठ्यपुस्तकलाई आन्तरिक विशेषताका आधारमा विश्लेषण गर्नु ।

## १.४ अध्ययनको औचित्य र महत्व

कक्षा ९ को नेपाली भाषा पाठ्यपुस्तक (२०७५) को बाह्यान्तरिक विशेषताका आधारमा विश्लेषणात्मक अध्ययन भएको पाइदैन । यसले गर्दा पाठ्यपुस्तकको समग्रताको अध्ययन हुन नसकेको कारणले गर्दा सम्बन्धित क्षेत्रमा विभिन्न बाधा र व्यवधानहरु सिर्जना भएको देखिन्छ । प्रस्तुत अध्ययनमा कक्षा-९ को निम्ति यो पाठ्यपुस्तककतिकोउपयोगी छ ।

पाठ्यपुस्तकका आन्तरिक र बाह्य विशेषताका आधारमा कस्तो छ ? भन्ने सम्बन्धमा अध्ययन गरिएको छ । यो शोधपत्र सम्बद्ध शिक्षक, विद्यार्थी, पाठ्यपुस्तक, लेखक, अनुसन्धानकर्ताका लागि उपयोगी हुने देखिन्छ ।

कक्षा ९ को नेपाली भाषा पाठ्यपुस्तक (२०७५) को बाह्य विशेषताका आधारमा विश्लेषण भएपछि पाठ्यपुस्तक निर्माणकर्तालाई पाठ्यपुस्तकमा कुन विधा कहाँ राख्नु पर्ने ? विधाहरुको क्रम कस्तो हुनुपर्ने ? शब्दभण्डारको ज्ञान कति बढाउनुपर्ने ? पाठ्यपुस्तकको आन्तरिक र बाह्य पक्ष कस्तो हुने ? भन्ने कुरामा सहयोग पुग्छ । शिक्षकलाई पाठ्यपुस्तकमा भएका कमिकमजोरीहरु पत्ता लगाउन सहज हुनेछ । पाठ्यपुस्तकको सवल र दुर्वल पक्ष छुट्याउन सहयोग पुग्नेछ । कक्षा-९ को पाठ्यपुस्तक समग्र रुपमा के कस्तो छ ? पत्ता लगाउन अभिभावक र शिक्षकलाई सहज हुनेछ । शोधकार्य सम्पन्न भएपछि सम्बन्धित पक्षले पाठ्यपुस्तकमा सुधार ल्याउने भएकाले विद्यार्थीहरुको चाहना, स्तर र मनोवैज्ञानिक पक्षको ख्याल गरेर पाठ्यपुस्तक निर्माण हुँदा विद्यार्थीहरुलाई सहयोग पुग्नेछ ।

यस कारणले गर्दा यो शोधकार्य सम्पन्न भएपछि पाठ्यक्रमविद्, पाठ्यपुस्तक लेखक, शिक्षक, विद्यार्थी, अभिभावक, अनुसन्धानकर्ता र पाठ्यपुस्तकको शुभचिन्तकका लागि उपयोगी हुने देखिन्छ ।

### १.५ अध्ययनको सीमाङ्कन

प्रस्तुत अनुसन्धान कार्य भाषा पाठ्यपुस्तकको विश्लेषणसँग सम्बन्धित छ । कक्षा ९ को नेपाली भाषा पाठ्यपुस्तक (२०७५) को बाह्यान्तरिक विशेषताका आधारमा विश्लेषणमा मात्र सीमित रहेर यस अध्ययन गरिएको छ । आन्तरिक पक्षमा पाठ्यवस्तु, शब्दभण्डार, भाषा संरचना, नमूना अभ्यास, चित्र एवम् चित्रवत सामग्री, छनोट र स्तरण र बाह्य आधारमा स्वरुप/बनोट र आवरण, अक्षर, आकार, ठाउँ छोडाइ र अन्तराल, छपाइ र बधाइँ, कागतको स्तर, मूल्य र शुलभतामा अनुसन्धान कार्य सीमित छ ।

## १.६ शोधपत्रको रुपरेखा

प्रस्तुत शोधपत्रको रुपरेखा निम्नानुसारको छ :-

अध्याय-१ शोध परिचय

अध्याय-२ पूर्वकार्यको समीक्षात्मक तथा धारणात्मक संरचना

अध्याय-३ अध्ययनको प्रक्रिया/विधि

अध्याय-४ नतिजा/परिणाम र छलफल

अध्याय-५ निष्कर्ष, सुझाव तथा उपयोगिता

# अध्याय-दुई
# पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना

## २.१पूर्वकार्यको समीक्षा

शिक्षा समाजको ज्योति हो । समाज र राष्ट्रको आवश्यकता परिपूर्तिको निम्ति तहगत र कक्षागत रुपमा पाठ्यक्रम र पाठ्यपुस्तकको परिवर्तन निरन्तर चल्ने प्रक्रिया भएकोले तहगत एवम् कक्षागत पाठ्यक्रम र पाठ्यपुस्तकको समय-समयमा अध्ययन विश्लेषण हुनु आवश्यक रहेको देखिन्छ । यस अर्थमा नेपाली भाषा पाठ्यपुस्तकका बारेमा यस भन्दा पूर्व के-कस्ता अनुसन्धानहरु भएका छन् ती विषयमा शोधार्थीलाई उपलब्ध भए अनुसार प्राप्त भएका अध्ययन मध्ये केहीलाई यसमा सङ्क्षिप्त रुपमा चर्चा गर्ने प्रयास गरिनेछ ।

कार्की (२०६२) द्वारा "भाषा पाठ्यक्रम र भाषा पाठ्यपुस्तक मूल्याङ्कनका आधारमा कक्षा दुईको मेरो नेपाली किताबको विश्लेषणात्मक अध्ययन" विषयक शोधकार्य सम्पन्न पाइयो । शोधकार्यको समस्याको रुपमा कक्षा दुईको मेरो नेपाली किताब प्राथमिक नेपाली पाठ्यक्रम अनुसार छ वा छैन ? कक्षा दुईको मेरो नेपाली किताब भाषा पाठ्य पुस्तकमा हुनुपर्ने गुणकोआधारमा निर्मित छ वा छैन ? र कक्षा दुईको नेपाली पाठ्यक्रम २०४९ कस्तो छ ? भनि राखिएको छ । शोधकार्यको उद्देश्यका रुपमा कक्षा दुईको मेरो नेपाली किताबलाई प्राथमिक पाठ्यक्रम अनुसारका दृष्टिले अध्ययन गर्ने, गुणका आधारमा अध्ययन गर्ने, नेपाली पाठ्यक्रम २०४९ को सामानय अध्ययन गर्नु रहेको छ । पुस्तकालयीय र विश्लेषणात्मक विधिको प्रयोग गरी विद्यार्थीको स्तर, क्षमता र रुचिलाई समेत ध्यानमा राखी विषयवस्तुमा ध्यान दिनु अझै बाँकी रहेको, चित्र सादा मात्र भएको, शब्दभण्डार कम रहेको निष्कर्ष निकालिएको छ । चित्रहरु स्पष्ट चम्किला र रङ्गिन बनाउनु पर्ने, विषयवस्तुको बोधगम्यतामा विशेष ध्यान दिनुपर्ने, स्पष्ट भाषाशैलीकोप्रयोग गर्नु पर्दछ भनि सुझाव दिइएको पाइयो ।

फुयाँल (२०६२) द्वारा "कक्षा ८ को हाम्रो नेपाली किताबको विश्लषणात्मक अध्ययन" विषयक शोधकार्य गरेको पाइयो । शोधकार्य समस्याको रुपमा निम्न माध्यमिक तहको भाषा पाठ्यक्रम अनुसार वर्तमान पाठ्यपुस्तक हाम्रो नेपाली किताब छ कि छैन ? असल पाठ्यपुस्तकमा हुनुपर्ने विशेषताहरु हाम्रो नेपाली किताबमा के कति समाविष्ट छन् ?कक्षा ८ को हाम्रो नेपाली किताबबाट पाठ्यक्रमका के-कस्ता उद्देश्य पुरा हुन सक्छन् ?

प्रस्तुत पाठ्य पुस्तकमा के कस्ता कमिकमजोरीहरु रहेका छन् र तिनको निराकरण गर्ने के कस्ता सुधार गर्नु आवश्यक देखिन्छ ? भनि राखिएको छ ।

शोधकार्यको उद्देश्यका रुपमा पाठ्यक्रम अनुरुपताका आधारमा हाम्रो नेपाली किताबको विश्लेषण गर्न, भाषा पाठ्यपुस्तकका बाह्य र आन्तरिक विशेषताका आधारमा उक्त पाठ्यपुस्तकको विश्लेषण गर्नु, उक्त पाठ्यपुस्तकको सबल र दूर्बल पक्ष पहिल्याउन, उक्त पाठ्यपुस्तकको सुधारका लागि सुझाव प्रस्तुत गर्नु रहेको छ । पुस्तकालयीय विश्लेषणात्मक विधिको प्रयोग गरी अभ्यासहरु विद्यार्थीको सिर्जनात्मक क्षमताको अभिवृद्धि गर्ने खालका नभइ ज्ञानात्मक र सिपपरक प्रकृतिका छन् । प्रबन्ध, कविता, कथा विधाहरुको रखाइक्रम मिलेको पाइदैन । शब्दभण्डारको प्रयोग पाठ्यपुस्तकमा प्रशस्त मात्रा गरिएको भएतापनि यस सम्बन्धी अभ्यास कम रहेको, आन्तरिक र बाह्य विशेषताका आधारमा पूर्ण रुपमा सबल नरहेको, कागतको स्तर, बँधाइ उपयुक्त नरहेको कमजोरी देखिन्छ भनि निष्कर्ष निकालिएको छ । पाठ्यपुस्तकमा विधाहरुको रखाइक्रमलाई सन्तुलित बनाउनुपर्ने, पाठ्यपुस्तकमा शब्द भण्डार सम्बन्धी अभ्यासलाई थप गरिनु पर्दछ । उपयुक्त कागतको प्रयोग गरिनुपर्ने, बँधाइ राम्ररी उपयुक्त तवरले गरिनु पर्ने सुझाव दिएको पाइन्छ ।

सापकोटा (२०६७) द्वारा "कक्षा सातको नयाँ नेपाली श्रृङ्खलाको विश्लेषणात्मक अध्ययन" विषयक शोधकार्य सम्पन्न गरेको पाइयो । शोधकार्यको समस्याको रुपमा नि.मा.वि. तहको भाषा भाषा पाठ्यक्रम अनुरुप कक्षा ७ को नयाँ नेपाली श्रृङ्खलाछ, छैन ? असल पाठ्यपुस्तकमा (पाठ्य सामग्री) मा हुनुपर्ने के-कस्ता विशेषताहरु नयाँ नेपाली श्रृङ्खलामा समाविष्ट छन् ? कक्षा ७ को नयाँ नेपाली श्रृङ्खलाद्वारा पाठ्यक्रमका के-कस्ता उद्देश्य पुरा हुन सक्छन् ?र यस पाठ्यपुस्तकमा के कस्ता कमि कमजोरीहरु रहेका छन् अनुसन्धान गरी तिनको निराकरण गर्ने के-कस्ता सुधार गर्ने आवश्यक देखिन्छ ? भनि राखिएको छ । शोधकार्यका उद्देश्यको रुपमा पाठ्यक्रम अनुरुपताका आधारमा नयाँ नेपाली श्रृङ्खलाको विश्लेषण गर्नु, भाषा, पाठ्य पुस्तकका आन्तरिक र बाह्य विशेषताका रुपमा उक्त पाठ्यपुस्तकको विश्लेषण गर्नु, नयाँ नेपाली श्रृङ्खलामा सवल र दुर्वल पक्ष पहिल्याउनु र प्राप्त निष्कर्षका आधारमा उक्त पाठ्यपुस्तकको सुधारको निम्ति सुझाव प्रस्तुत गर्नु रहेको छ । पुस्तकालयीय विश्लेषणात्मक विधिको प्रयोग गरी कवितामा लोकलय, निबन्ध वैज्ञानिकता/प्राविधिक, कथामा पौराणिक/ऐतिहासिक नीति विषयवस्तुलाई समेट्न नसकेको, व्याकरणलाई अभ्यासका रुपमा समावेश गरेपनि प्रशंसत मात्रामा नभएको, चित्रको पनि

कमि रहेको पाठ्यपुस्तकमा विधाको क्षेत्र, क्रम र पाठहरु पाठ्यक्रम अनुरुप राखिनुपर्ने, चिठीमा खामको नमुना राखिनु पर्ने, अभ्यासको प्रयोग पाठ्यक्रम अनुसार राखिनुपर्ने सुझाव दिएको छ ।

श्रेष्ठ (२०६८) द्वारा "कक्षा दुईको नेपाली किताबको विश्लेषण" विषयक शोधकार्य सम्पन्न गरेको पाइयो । शोधकार्यको समस्याको रुपमा कक्षा दुईको मेरो नेपाली किताब पाठ्यक्रम अनुरुप छ कि छैन ? असल पाठ्यपुस्तकमा हुनुपर्ने के कस्ता विशेषताहरु मेरो नेपाली किताबमा समाविष्ट छन् । उक्त पाठ्यपुस्तकमा के कस्ता सवल र दुर्वल पक्षहरु रहेका छन् ? र उक्त पाठ्यपुस्तकमा रहेका कमि कमजोरीहरुको निराकरण गर्न के कस्ता उपायहरु अवलम्बन गर्न सकिन्छ ? भनि राखिएको छ । शोधकार्यको उद्देश्यका रुपमा पाठ्यक्रम अनुसार कक्षा दुईको मेरो नेपाली किताबको विश्लेषण गर्नु, भाषा पाठ्यपुस्तकको बाह्य र आन्तरिक आधारमा उक्त पाठ्यपुस्तकको विश्लेषण गर्नु, उक्त पाठ्यपुस्तकमा रहेका सवल र दुर्वल पक्ष पनि पहिचान गर्नुका साथै उक्त पाठ्यपुस्तकको सुधारका लागि सुझाव प्रस्तुत गर्नु रहेको छ । पुस्तकालयीय विश्लेषण विधिको प्रयोग गरी पाठ्यक्रममा निर्दिष्ट गरेको उद्देश्य पुरा गर्ने किसिमका अभ्यास पर्याप्त मात्रामा नभएको, विषयवस्तु विद्यार्थीको स्तर अनुसार रहेको, पाठ्यपुस्तकमा दिइएको नमुना अभ्यास समानुपातिक रुपमा वितरण नगरिएको, विषयवस्तु सरल देखि जटिलको क्रममा मिलाएर राखिएको, आवरण पृष्ठमा बलियो कागजको प्रयोग नगरिएको टिकाउ हुने नदेखिएको आदि निष्कर्ष निकालिएको छ । पाठ्यक्रमले निर्देशित गरेका सम्पूर्ण उद्देश्यहरु प्राप्त गर्नका लागि अभ्यासमा थप गरिनुपर्ने, आवरण पृष्ठमा प्रयोग गरिएको कागज बाक्लो, बलियो, प्लाष्टिकको कभर बनाउनु पर्ने भनि सुझाव दिइएको पाइन्छ ।

ओझा (२०७२) द्वारा "हाम्रो नेपाली किताब र रसिलो नेपाली किताबको तुलनात्मक अध्ययन" विषयक शोधकार्य रेको पाइयो । शोधकार्य समस्याको रुपमा हाम्रो नेपाली किताब र रसिलो नेपाली किताब पाठ्यक्रम अनुरुपताका आधारमा छ वा छैन ? नमुना अभ्यासका रुपमा पाठ्यपुस्तक उपयुक्त छ वा छैन ? यी दुई पाठ्यपुस्तकमा पाठ्यक्रम र नमुना अभ्यासका आधारमा समानता र असमानता के-कस्ता छन् ? भनि राखिएको छ । शोधकार्यको उद्देश्यका रुपमा हाम्रो नेपाली किताब र रसिलो नेपाली किताब पाठ्यक्रम अनुरुपताका आधारमा भए नभएको पत्तालगाउनु । यी दुवै पाठ्य पुस्तकका सवल र दुर्वल पक्ष पत्ता लगाउनु, तुलनात्मक विधिको प्रयोग गरी दुवै पाठ्यपुस्तकमा पाठ्यक्रम प्रयोग

नभएको, मौखिक अभिव्यक्ति दिने प्रश्नहरुको कमि रहेको, निबन्धलाई भन्दा प्रबन्धलाई बढी जोड दिएको, सम्पूर्ण रुपमा हेर्दा रसिलो नेपाली किताब भन्दा हाम्रो नेपाली किताब केही उपयोगी रहेको निष्कर्ष निकालिएको छ । पाठ्यक्रमको राम्ररी अध्ययन गरेर सोही पाठ्यपुस्तक निर्माण गर्नुपर्ने, निबन्ध र प्रबन्ध दुवै विधालाई सम्मान रुपमा राख्नुपर्ने, विद्यार्थीका रुचि, स्तर र उमेरलाई ख्याल गरी पाठ र नमुना अभ्यास राख्नुपर्ने, के कस्ता कमिकमजोरीहरु रहेका छन् र त्यसको निराकरण गर्ने के कस्ता सुधार गर्नु आवश्यक देखिन्छ भनि राखिएको छ । शोधकार्यको उद्देश्यका रुपमा पाठ्यक्रम अनुरुपताका आधारमा "हाम्रो नेपाली किताबको विश्लेषण गर्न भाषा पाठ्यपुस्तकको विश्लेषण गर्नु, प्रस्तुत पाठ्यपुस्तकको सवल र दुर्वल पक्ष पहिल्याउनु, उक्त पाठ्यपुस्तकको सुधारका लागि सुझाव प्रस्तुत गर्नु रहेको छ । पुस्तकालयीय विश्लेषणात्मक विधिको प्रयोग गरी अभ्यासहरु विद्यार्थीको सिर्जनात्मक क्षमताको अभिवृद्धि गर्ने खालका नभई ज्ञानात्मक र सिपपरक प्रकृतिका छन् । प्रबन्ध, कविता, कथा विधाहरुको रखाइक्रम मिलेको पाइदैन । बाह्य विशेषताका आधारमा पूर्ण रुपमा सवल नरहेको, कागजको स्तर कमजोर, बँधाइ उपयुक्त नरहेको देखिन्छ भनि निष्कर्ष निकालिएको छ । आन्तरिक आधारमा पाठ्यपुस्तकमा विधाहरुको रखाइक्रमलाई सन्तुलित बनाउनुपर्ने, शब्द भण्डार सम्बन्धी अभ्यासलाई थप गर्नुपर्ने, उपयुक्त कागजको प्रयोग गरिनुपर्ने बँधाइ उपयुक्त तवरले गरिनुपर्ने सुझाव दिइएको पाइन्छ । चिठीमा घरायसी र कार्यलयीय चिठी हुनुपर्नेमा दुवै प्रकारका चिठी समावेश नगरिएकोले दुवै प्रकारका चिठी समावेश गर्नुपर्ने आदि सुझाव दिइएको छ ।

ढकाल (२०७२) द्वारा "कक्षा २ को मेरो नेपाली किताबको विश्लेष्णात्मक अध्ययन" विषयक शोधकार्य गरेको पाइयो । शोधकार्यको समस्याका रुपमा पाठ्यपुस्तकको आन्तरिक पक्ष कस्तो छ ? पाठ्यपुस्तकको बाह्य पक्ष के कस्तो छ ? भनि राखिएको पाइन्छ । शोधकार्यको उद्देश्यका रुपमा पाठ्यपुस्तकको आन्तरिक र बाह्य दुवै पक्षको आधारमा कक्षा २ को नेपाली किताबको अध्ययन गर्नु रहेको छ । पुस्तकालयीय खोज विधिको प्रयोग गरी शब्दार्थमा कमि देखिएको, आवरण पृष्ठ, बँधाइ कमजोर र पातलो रहेको, पाठ्य पुस्तकको मूल्य नसुलाइएको आदि निष्कर्ष निकालिएको छ । पाठ्यपुस्तकको बँधाइलाई बलियो बनाउनु पर्ने, कागजको स्तर राम्रो बाक्लो र सफा बनाउनुपर्ने, पाठ्यपुस्तकको मूल्य तोकिनु पर्ने रहेको आदि सुझाव दिनु यस शोधकार्यको सक्षम पक्ष रहेको छ ।

पौडेल (२०७३) द्वारा "प्रायोगिक भाषा विज्ञानका प्रमुख आयामहरु" भन्ने पाठ्यपुस्तकमा भाषा पाठ्यपुस्तकका बाह्य-आन्तरिक विशेषताको विस्तृत रुपमा चर्चा गरिएको पाइन्छ । बाह्य विशेषतामा बनोट, अक्षराकार र ठाउँ छोडाइ, छपाइ र बँधाइ, कागजको स्तर, मूल्य र शुलभता पर्दछन् भने आन्तरिक विशेषतामा स्तरगत उपयुक्तता भित्र विषयवस्तु वा पाठ्यपुस्तक, शब्द भण्डार, भाषा संरचना, अभ्यास, चित्र पर्दछन् भने प्रस्तुतिगत उपयुक्तता भित्र छनोट, स्तरण पर्दछन् भनि विस्तृत चर्चा गरेका छन् ।

ढकाल (२०७३) द्वारा "प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम" भन्ने पाठ्यपुस्तकमा भाषा पाठ्यपुस्तकका बाह्य-आन्तरिक विशेषताको विस्तृत रुपमा चर्चा गरिएको पाइन्छ । यस पाठ्यपुस्तकमा भाषा पाठ्यपुस्तकको आन्तरिक विशेषताको र बाह्य विशेषताको पनि चर्चा गरिएको छ । यसका साथै पाठ्यपुस्तकमा माध्यमिक शिक्षा पाठ्यक्रम २०६४ मा आधारित कक्षा नौ को भाषा पाठ्यपुस्तकको अध्ययन विश्लेषण गरिएको छ । माध्यमिक शिक्षा पाठ्यक्रम २०६४मा आधारित कक्षा-१० को भाषा पाठ्यपुस्तकको अध्ययन विश्लेषण आन्तरिक-बाह्य विशेषताका आधारमा गरिएको छ ।

विष्ट (२०७४) द्वारा "कक्षा ३ को मेरो नेपाली किताब र हाम्रो सजिलो नेपाली किताबको बिच तुलनात्मक अध्ययन" विषयक शोधकार्य सम्पन्न गरेको पाइयो । शोधकार्यको समस्याका रुपमा कक्षा तीनको मेरो नेपाली र हाम्रो सजिलो नेपाली पाठ्यपुस्तकका बिचमा आन्तरिक र बाह्य पक्षहरु के कस्ता छन् ? मेरो र हाम्रो सजिलो नेपाली दुई पाठ्यपुस्तकमा के कस्तो सवल र दुर्वल पक्षहरु रहेका छन् ? र ती पाठयपुस्तकमा देखिएका अवगुणहरुको सुधारका लागि के कस्ता उपायहरु बुझाउन सकिन्छ भनि राखिएको छ । शोधकार्यको उद्देश्यमा आन्तरिक र बाह्य विशेषताको कक्षा तीनको मेरो नेपाली पाठ्यपुस्तक र हाम्रो सजिलो नेपाली पाठ्यपुस्तकको अध्ययन विश्लेषण गर्न, पाठ्य पुस्तकका सवल र दुर्वल पक्षहरु पत्ता लगाउने र ती पाठ्यपुस्तकमा देखिने अवगुणको निराकरणका लागि उपायहरु प्रस्तुत गर्नु रहेको छ । पुस्तकालयीय वर्णनात्मक र विश्लेषणात्मक विधिहरुको प्रयोग गरी कागजको गुणस्तर, मसिको प्रयोग, छपाइ, बँधाइ जस्ता पक्षहरु मेरो सजिलो नेपालीमा प्रभावकारी रहेको र आन्तरिक पक्षका विधिको छनोट तथा पाठको प्रस्तुति, शब्दभण्डार आदिले नेपाली पाठ्यपुस्तक प्रभावकारी रहेको निष्कर्ष निकालिएको छ । मेरो नेपाली किताब पाठ्यपुस्तकको कागजको गुणस्तर बढाउनुपर्ने, शब्द

र तिनीहरुको अर्थ अभ्यासका रुपमा नदिइ सहज रुपमा राख्नुपर्ने भन्ने सुझावहरु यस शोधकार्यमा राखिएको पाइन्छ ।

सुवेदी (२०७४) द्वारा "पाठ्यक्रम अनुरुपताका आधारमा कक्षा दशको नेपाली पाठ्यपुस्तकको अध्ययन" विषयक शोधकार्य सम्पन्न गरेको पाइयो । शोधकार्यको समस्याका रुपमा कक्षा दशको नेपाली पाठ्यपुस्तक पाठ्यक्रम अनुरुप छ वा छैन ? पाठ्यपुस्तकमा समाविष्ट विभिन्न विधागत पाठहरु पाठ्यक्रमका क्षेत्र र क्रमका आधारमा राखिएका छन् वा छैनन् ? आन्तरिक र बाह्य आधारमा पाठ्यपुस्तक उपयुक्त छन् वा छैनन् ? कक्षा दशको नेपाली पाठ्यपुस्तकको कमजोरी सुधारको लागि के-कस्तो सुझावहरु हुन सक्छन् ? भनि राखिएको छ । शोधकार्यको उद्देश्यका रुपमा पाठ्यक्रम अनुरुपताका आधारमा कक्षा दशको नेपाली पाठ्यपुस्तकको अध्ययन गर्नु, पाठ्यपुस्तकमा समाविष्ट विभिन्न विधागत पाठहरु, पाठ्यक्रम क्षेत्र र क्रम अनुसारका विश्लेषण गर्नु, आन्तरिक र बाह्य विशेषताका रुपमा पाठ्यपुस्तकको विश्लेषण गर्नु, कक्षा दशको नेपाली विषयको पाठ्यक्रम तथा पाठ्य पुस्तकका कमजोरीहरुको पहिचान गरी सुझाव दिनु रहेको छ । पुस्तकालयीय विश्लेषण विधिको प्रयोग गरी पाठ्य पुस्तकमा भएका भाषाका चारै सिपहरुको सन्तुलन गर्न प्रयास गरिएता पनि अपूर्ण नै रहेको, पाठ्यपुस्तकमा भएका पाठहरुको आकृति, स्तर, तह उमेर सुहाउँदा व्यावहारिक र रमाइलो रहेका, नमुना अभ्यास प्रभावकारी नै रहेका, कागजको स्तर उपयुक्त नभएको, मूल्य प्रभावकारी भएपनि सर्वसुलभका दृष्टिले प्रभावकारी हुन नसकेको, चित्रहरुको रखाइक्रम पनि नमिलेको आदि निष्कर्ष निकालिएको छ । पाठ्य पुस्तक छनोट गर्दा विद्यार्थीको रुचि, आवश्यकता, स्तर, भाषिक, पृष्ठभूमि तथा सामाजिक र मनोवैज्ञानिक आदि पक्षलाई ध्यान दिएर मात्र छनोट गर्नुपर्ने, पाठ्य पुस्तकले पाठ्यक्रमको वास्तविक भावना र उद्देश्यलाई आत्सात गर्नुपर्ने, भाषाका चारै सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइलाई सन्तुलित आधारमा समावेश गर्न सक्नु पर्ने आदि सुझाव दिइएको पाइन्छ ।

## २.२ पूर्वकार्यको उपयोगिता/कार्यान्वयन

माथि उल्लेखित शोधपत्रहरु र पुस्तकहरुको समीक्षाको आधारमा यस विषयसँग सम्बन्धित अनुसन्धान तथा लेखहरुमा पाठ्यपुस्तक विश्लेषण सम्बन्धी भनिएका कुराहरुलाई सङ्क्षिप्त रुपमा चर्चा गरियो । यस विषयमा उल्लेखित अध्ययनहरुले प्रस्तुत शोधकार्य वर्णनात्मक, विश्लेषणात्मक र पुस्तकालयीय विधि अपनाइ गरिएकोले विश्वासनीय छ । उक्त

अध्ययनको उद्देश्य, निष्कर्ष र मुख्य भागमा भाषा पाठ्यपुस्तकको परिचय, महत्व यसको प्रयोगको आवश्यकता यसमा हुनुपर्ने बारेमा केन्द्रित रहेको पाइयो । माध्यमिक तहको कक्षा ९ को नेपाली भाषा पाठ्यपुस्तक (२०७५) को बाह्यान्तरिक विशेषताका आधारमा विश्लेषणात्मकपाठ्यपुस्तकको अवस्था यसमा भएका कमिकमजोरी यसको आन्तरिक र बाह्य पक्षका सम्बन्धमा उक्त अध्ययनहरु गौण रहेका छन् । अतः यस अध्ययन पूर्व भएका कार्यहरुलाई जगका रुपमा लिदै प्रस्तुत शीर्षकमा अध्ययन गर्नु आवश्यक ठानिएको छ ।

## २.३सैद्धान्तिक/धारणात्मक संरचना

### २.३.१ भाषा पाठ्यपुस्तकको परिचय

भाषा पाठ्यपुस्तक खास तह र कक्षाका निमित्त पाठ्यक्रमका भाषिक अपेक्षाहरु परिपूर्ति गर्ने गरी विषय विशेषज्ञद्वारा सङ्कलन, सम्पादन वा लेखन गरिएका पाठ्यवस्तुहरुको छनोट र स्तरण गरी प्रस्ताविक र अनुमोदित महत्वपूर्ण शिक्षण तथा सिकाइ सामग्री हो । यो सरल, सहज, विश्वासनीय, रुचिपूर्ण र भरपर्दो साधन हो । भाषिक र भाषेतर विषयको संयोजन गरी पर्याप्त अभ्यास र आवृत्तिको अवसर दिई भाषिक सिपहरु हासिल गराउने माध्यम भाषा पाठ्यपुस्तक हो । विद्यार्थीलाई के पढ्ने भन्ने चिन्ताबाट र शिक्षकलाई के कसरी कुन क्रममा पढाउने भन्ने चिन्ताबाट मुक्त बनाउने साधन भाषा पाठ्यपुस्तक हो (ढकाल, २०७३:२५५) ।

भाषा पाठ्यपुस्तक के हो ? भन्ने सन्दर्भमा विभिन्न मतहरु अभिव्यक्त भएको पाइन्छन् । जसमध्ये केही विद्वानहरुको अभिव्यक्ति निम्न अनुसार रहेको पाइन्छ :-

प्रयोगात्मक नेपाली शब्दकोश (२०६१) का अनुसार “पाठ्य विषयवस्तु सङ्कलन गरिएको पुस्तक तथा कक्षामा पढाउनु पर्ने पुस्तकलाई पाठ्यपुस्तक भनिन्छ ।”

क्रोनबाक (१९४९-१८) का अनुसार “पाठ्यपुस्तक खास गरेर कलिला (अपरिपक्क) सिकारुका लागि पाठ्यक्रमका आधारमा पूर्ववर्ती र उत्तरवर्ती पाठहरुको सम्बन्धलाई विचार गरेर लेखिएको हुन्छ,” (ढकाल, प्रा.शान्ति प्रसाद (२०७३), प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम) ।

मिश्र (१९७०) का अनुसार “जति औपचारिक शिक्षण सिकाइमा प्रयोग हुन्छ, त्यत्तिकै अनौपचारिक शिक्षण परिस्थिति र स्वअध्ययन परिस्थितिमा प्रयोग उपयोग हुने अति

महत्वपूर्ण सामग्री नै पाठ्यपुस्तक हो” (ढकाल, प्रा.शान्ति प्रसाद (२०७३), प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम) ।

माथिको परिभाषाको आधारमा के भन्न सकिन्छ भने पाठ्यपुस्तक औपचारिक र अनौपचारिक दुवै किसिमको शिक्षाका लागि आवश्यक सामग्री हो ।

भाषा पाठ्यपुस्तकका बाह्य वा परिधीय र आन्तरिक वा केन्द्रिय गरी विश्लेषणका दुई आधार हुन्छन् । आन्तरिक आधार अन्तर्गत पाठ्यपुस्तक, शब्द भण्डार, भाषा, नमूना अभ्यास, चित्रहरु पर्दछन् भने बाह्य आधारमा बनोट, अक्षराकार र ठाउँ छोडाइ, छपाइ र बँधाइ, कागजको स्तर मूल्य, सुलभता जस्ता कुराहरु पर्दछन् (ढकाल २०७३:२४०) ।

## २.३.२भाषा पाठ्य पुस्तक अध्ययन विश्लेषणका आधारहरु

कुनै पनि भाषा पाठ्यपुस्तकको अध्ययन, विश्लेषण र मूल्याङ्कन त्यसमा हुनुपर्ने आन्तरिक र बाह्य वा परिधीय विशेषताहरुका आधारमा गर्न सकिन्छ । प्रथमतः पाठ्यपुस्तकका आन्तरिक र बाह्य विशेषताहरुलाई नियालेर हेरिन्छ । यसरी नियालेर हेर्दा प्राप्त भएका सकारात्मक र नकारात्मक दुवै पक्षलाई विश्लेषण र वर्णन गरिन्छ, अनि त्यसै वर्णन विश्लेषणका आधारमा कुनै पनि तह र कक्षाका लागि पाठ्यपुस्तक छनोट गर्न सकिन्छ । त्यो सम्बन्धित तह र कक्षाको लागि प्रभावकारी छ वा छैन भन्ने कुरामा निर्णय गर्न सकिन्छ (पौडेल, २०७३:२८५) । यस हेराइले भाषा पाठ्यपुस्तकको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्न चाहिने आधारहरुको सङ्क्षेमा बयान गर्न सकिन्छ :-

### २.३.२.१ बाह्य आधार

यस अन्तर्गत पाठ्यपुस्तकको बनोट, अक्षरको आकार र ठाउँ छोडाइ, कागजको स्तर, मूल्य, सुलभता, विषय सूची र मूल्य सूची जस्ता कुराहरु कति उपयुक्त छन् भन्ने कुराको अध्ययन, विश्लेषण र मूल्याङ्कन गरिन्छ अनि त्यसै मूल्याङ्कनलाई पाठ्यपुस्तकको छनोटको पनि आधार बनाइन्छ । (ढुङ्गेल २०६९:१६७) बाह्य आधार अन्तर्गत पर्ने कुराहरुलाई निम्न अनुसार चर्चा गरिन्छः-

#### २.३.२.१.१ बनोट

पाठ्यपुस्तकको आवरणका साथै आकार प्रकारलाई बनोट भनिन्छ । भाषा पाठ्यपुस्तकको बाहिरी पृष्ठ पाठ्यवस्तुलाई सङ्केत गर्ने प्रकारको हुनाका साथै आकर्षक रङ्ग र बाक्लो कागजको हुनुपर्छ । सकेसम्म आवरण पृष्ठ पानी कागतले मोरेको हुनुपर्छ । भाषा पाठ्यपुस्तकको आकार स-साना विद्यार्थीहरुका र ठूला कक्षाका विद्यार्थी सबैलाई उनीहरुलाई उपयुक्त हुने वा बोक्न सहज हुने खालका हुनु पर्दछ । दैनिक सात ओटा घण्टीका सात ओटा पुस्तक र साथमा सातै ओटा कापी बोक्दा भारी भएको अनुभव नहोस् भन्ने हिसाबले पनि सोचिनु आवश्यक देखिन्छ (ढकाल, २७३:२४१) ।

#### २.३.२.१.२ अक्षरको आकार र ठाउँ छोडाइ

विभिन्न तह र उमेरका निम्ति तयार गरिने भाषा पाठ्यपुस्तकमा प्रयोग हुने अक्षरको आकार र ठाउँ छोडाइमा समेत भिन्नता हुन्छ । प्राथमिक तहमा पाठ्यपुस्तकहरुको अक्षर आकार कक्षा १, २ र ३ मा क्रमशः ६० प्वाइन्ट, २४-३६ प्वाइन्ट र १६ प्वाइन्टको हुनुपर्छ भने कक्षा ४ र ५ मा १४ प्वाइन्टका अक्षरहरु हुनु उपयुक्त ठानिन्छ । माथिल्ला कक्षामा सामान्यता १२ प्वाइन्टको अक्षर राखिनु उपयुक्त हुन्छ (ढुङ्गेल २०६९:१६७) ।

अक्षर-अक्षरका बिच, शब्द-शब्दका बिच, वाक्य-वाक्यका बिच, पङ्क्ति-पङ्क्तिका बिच र अनुच्छेद-अनुच्छेदका बिचको अन्तरमा पनि दृष्टि पुऱ्याउनु जरुरी हुन्छ । कक्षागत स्तर र अक्षरका आकारका बिच सन्तुलन मिलाउनु पर्दछ । कक्षा १ मा अक्षर अक्षरका बिच १/६", शब्द शब्दका बिच १/४", पङ्क्ति पङ्क्तिका बिच १/२", अनुच्छेद अनुच्छेदका बिच ३/४" हुनुपर्दछ । कक्षा २ मा अक्षर अक्षरका बिच १/७", शब्द शब्दका बिच १/६", पङ्क्ति पङ्क्तिका बिच १/३", अनुच्छेद अनुच्छेदका बिच १/२" हुनु राम्रो हो । कक्षा ३ मा अक्षर अक्षरका बिच १/८", शब्द शब्दका बिच १/४", अनुच्छेद अनुच्छेदका बिच १/३" र कक्षा ४ वा सो भन्दा माथि अक्षर अक्षरमा बिच क्रमशः कम गर्दैन लगी १/१०" सम्म, शब्द शब्दका बिच १/९", पङ्क्ति पङ्क्तिका बिच १/५", अनुच्छेद अनुच्छेदका बिच १/४ इन्च हुनु उपयुक्त हुन्छ । पाठ्य पुस्तकको माथि-तल र दायाँ बायाँ किनारा छोडाइले पनि गुणस्तर निर्धारण गर्दछ (ढकाल, २०७३:२४२) ।

#### २.३.२.१.३ छपाइ र बँधाइ

भाषा पाठ्यपुस्तकमा छपाइको निकै ठूलो महत्व छ । छपाइमा प्रयोग हुने मसी, शीर्षक, उपशीर्षक, पाठ तथा अभ्यासमा प्रयोग हुने अक्षरका आकारले पाठ्यपुस्तकको निर्माणमा महत्वपूर्ण भूमिका खेल्दछन् । पर्याप्त किनारा छोडेर पाठको छपाइ गर्नु उपयुक्त हुन्छ । साना कक्षामा दुवैतिर किनारा छाड्नु उपयुक्त हुन्छ भने ठूला कक्षाहरुमा त्यति किनारा छोड्नु नपरे पनि सिलाइ र बँधाइ गर्दा अक्षर नछोपिने गरी भने छोड्नुपर्दछ । भाषा पाठ्यपुस्तकमा छपाइमा शुद्धता हुनु अनिवार्य छ (ढुङ्गेल, २०६९:१६८) ।

पाठ्यपुस्तकको बँधाइ बलियो धागोद्वारा हुनुपर्दछ । बँधाइ गर्दा पानाहरु पूरा पल्टाउन मिल्ने हुनु आवश्यक छ । प्राथमिक कक्षाको बँधाइमा कडा कागजको प्रयोग गर्नु पर्दछ भने माथिल्लो कक्षाका भाषा पाठ्यपुस्तकमा बँधाइमा पातलो कागजको प्रयोग गरे पनि हुन्छ (ढुङ्गेल, २०६९:१६८) ।

#### २.३.२.१.४ कागतको स्तर

प्राथमिक कक्षाका लागि तयार गरिएका पाठ्यपुस्तकको कागतभन्दा माथिल्लो कक्षामा प्रयोग गरिने कागत केही कम स्तरको भएपनि हुन्छ । कागतको स्तरले पाठ्य पुस्तकको स्तर निर्धारण गर्ने भएकाले सेतो, सफा, चिप्लो र बाक्लो (६० ग्रामभन्दा माथिको म्यापलिथो) कागत प्रयोग गर्नु जरुरी हुन्छ । मैलो, खस्रो र पातलो कागतमा नछपाइ राम्रो हुन्छ न त्यसमा पाठकको ध्यानाकर्षण गर्ने शक्ति हुन्छ न त त्यसमा टिकाउपना नै हुन्छ, एवम् पाठ्यपुस्तकको कागत गुणस्तरीय हुनु आवश्यक छ(ढकाल, २०७३:२४३) ।

#### २.३.२.१.५ मूल्य

नाफामूलक दृष्टिकोणले भन्दा पनि सेवामूलक दृष्टिले पाठ्यपुस्तकको मूल्य निर्धारण गर्नु पर्दछ । पाठकहरुको क्रयशक्तिलाई ख्याल गरी कमभन्दा कम दाममा पुस्तकहरु उपलब्ध हुनु आवश्यक छ । मूल्य कम भएको पाठ्यपुस्तकका क्रेता बढी हुन सक्छन्र मूल्य बढी भएको पाठ्यपुस्तकको क्रेता कम हुन्छन् । किन्न हिच्किचाउनु पर्ने स्थिति नहोस् भनि लागत मूल्यभन्दा केही प्रतिशतमात्र नाफा राखेर पुस्तकको मूल्य निर्धारण हुनुपर्छ । यसका लागि सरकारले राहत दिनु जरुरी देखिन्छ । मूल्य निर्धारण गर्दा वस्तु उत्पादनको सिद्धान्तमा आधारित भई गरिनुपर्दछ (ढुङ्गेल २०६९:१६८) ।

### २.३.२.१.६ सुलभता

पठन पाठन हुने सम्पूर्ण क्षेत्रमा पुस्तकहरु यथासमयमा उपलब्ध हुनु पर्छ । शैक्षिक सत्र शुरु हुनु भन्दा अगाडि नै बजारमा मात्र नभइ दुर्गम गाउँमा पनि पाठ्यपुस्तक पर्याप्त मात्रामा पुऱ्याउन सरकारी, गैरसरकारी संस्था र व्यक्तिहरु सक्रिय हुनु आवश्यक छ । पाठ्यपुस्तक लिन धाउनु पर्ने, धाउदा पनि समयमा उपलब्ध नहुनेकुराले पढाइप्रति निराश बनाउने र कतिलाई वञ्चित गर्ने हुँदा सुलभ ढङ्गले उपलब्ध हुने गरी वितरणको व्यवस्था गरिनु आवश्यक छ (ढकाल, २०७३:२४३) ।

### २.३.२.२आन्तरिक आधार

भाषा पाठ्य पुस्तकको वास्तविक गुण यही हो । भाषा शिक्षणको वास्तविक प्रयोजन यसबाट पुरा हुने वा नहुने हुँदा यसको सर्वोपरी भूमिकालाई विशेष महत्वका साथ हेर्नु आवश्यक छ । भाषा पाठ्यपुस्तकको प्रस्तुतिगत उपयुक्तताका आधारमा अध्ययन गर्न सकिन्छ (पौडेल, २०७३:२६९) ।

### २.३.२.२.१ स्तरगत उपयुक्तता

भाषा पाठ्यपुस्तक तह वा कक्षाको स्तर सुहाउँदो हुनु आवश्यक छ । यस भित्र पाठ्यवस्तु, शब्द भण्डार, भाषा, अभ्यास, चित्र आदि आन्तरिक प्रभावहरु सम्बन्धित कुराहरु स्तरयुक्त हुनुपर्छ (पौडेल, २०७३:२६९) । भाषा पाठ्य पुस्तकका स्तरगत निर्धारण तत्वका रुपमा रहेका उपयुक्त प्रमुख तत्वलाई तल चर्चा गरिन्छ :-

### (क) पाठ्यवस्तु

विषयवस्तु भनेको पाठ्यपुस्तकमा समावेश हुने पाठ्यवस्तु हो । भाषा पाठ्यपुस्तकमा राखिएका विषयवस्तुहरु विद्यार्थीहरुको उमेर, आवश्यकता, पूर्व शैक्षिक अनुभवसँग सम्बन्धित हुनुपर्छ । भाषा पाठ्यपुस्तकमा प्रस्तुत विषयवस्तुले मूलतः भाषिक सिपहरुको विकास गर्न कतिको सघाउँछ त्यस कुरालाई विशेष महत्व दिनुपर्छ । असल भाषा पाठ्यपुस्तकमा विषयवस्तु चयन गर्दा विद्यार्थीको पूर्वभाषिक अनुभव र पाठ्यक्रमद्वारा निर्धारित भाषिक सिपलाई विशेष रुपले ध्यान दिनुपर्छ । भाषा पाठ्यपुस्तकका विषयवस्तुहरुमा विषय, विधा तथा शैलीगत नवीनतम विविधता हुनु राम्रो मानिन्छ ।

किनभने भाषा पाठ्यपुस्तकको मुख्य उद्देश्य विविध क्षेत्रमा प्रयुक्त भाषिक सिप तथा क्षमताको अभिवृद्धि गर्नु हो । विषयवस्तु सूचनामूलक, सहयोगी, नैतिक मूल्य तथा विचारहरुलाई प्रोत्साहन गर्ने किसिमको हुनुपर्छ । विषयवस्तुले राष्ट्रप्रेमका साथसाथै श्रमप्रति आस्था जगाउन मद्दत गर्ने किसिमका हुनुपर्दछ । पाठ्यपुस्तकभित्र अन्धविश्वास जगाउने र अवैज्ञानिक तरिकाका विषयवस्तुहरु समावेश गरिनुहुन्न । यसले सकेसम्म विद्यार्थीहरुको साँस्कृतिक परिवेश समेट्न सक्नुपर्दछ । विषयवस्तु मूलतः विद्यार्थीको मानसिक, शारीरिक तथा सामाजिक वातावरण अनुसार रुचिपूर्ण हुनु आवश्यक छ । भाषा पाठ्यपुस्तकमा राखिने विषयवस्तु शिक्षणका सुत्रहरुमा (सरलबाट जटिलतिर, ज्ञातबाट अज्ञाततिर, स्थूलबाट सुक्ष्मतिर, सामान्यबाट विशिष्टतिर आदिमा) आधारित हुनुपर्छ । विषयवस्तुमा विविध साँस्कृतिक पृष्ठभूमिको प्रतिनिधित्व हुनुपर्छ । विषयवस्तुमा शिष्ट भाषाको प्रयोग हुनुपर्छ । विषयवस्तुमा अश्लीलता जनाउने शब्द वा वाक्यहरु प्रयोग गरिनुहुन्न ।

भाषा शिक्षणको पाठ्यपुस्तकको विषयवस्तु निर्धारण गर्दा निम्नलिखित कुरामा ध्यान दिनुपर्छ :-

१. शिक्षणलाई रुचिपूर्ण बनाउन मनोरञ्जनात्मक विषयवस्तुलाई विषयवस्तुका रुपमा चयन गर्नुपर्छ ।
२. विद्यार्थीको नैतिक र चारित्रिक विकास गराउने विषयवस्तु चयन गर्नुपर्छ ।
३. विषयवस्तु विद्यार्थीलाई सामाजिकीकरण गर्न उपयोगी हुनुपर्छ ।
४. देशप्रेम र मानवतावादी सन्देश सञ्चार गर्ने विषयवस्तु चयन गर्नु प्रभावकारी हुन्छ ।
५. भाषिक सिप र अभिव्यक्ति कला विकास गर्ने पाठ्यवस्तु छनोट गर्नु आवश्यक हुन्छ ।
६. विविध साँस्कृतिक र भाषिक शैलीको उपयोग गर्नु, उपयोगी मानिन्छ ।
७. विधागत विविधताले विषयवस्तु चयनमा महत्वपूर्ण भूमिका खेल्दछ ।
८. विषयवस्तु विद्यार्थीको मनोविज्ञान र पूर्वभाषिक पृष्ठभूमिमा आधारित हुनुपर्छ ।
९. विषयवस्तु शुद्ध र सरल भाषामा प्रस्तुत गर्नुपर्छ ।

**(ख) शब्दभण्डार**

भाषा पाठ्यपुस्तकमा राखिने शब्दभण्डार मूलतः स्तर अनुकूल र विद्यार्थीको पूर्वशैक्षणिक अनुभवमा आधारित हुनुपर्छ । विद्यार्थीहरुको पहिचान गरेको शब्दभण्डारबाट क्रमिक रुपमा कठिन शब्दहरुको समावेश पाठ्यपुस्तकमा गर्दै लग्नुपर्दछ । भाषा

पाठ्यपुस्तकका रुपमा प्रारम्भिक कक्षाका पाठ्यपुस्तकहरुमा नियन्त्रित शब्दभण्डारको प्रयोग हुनु आवश्यक छ । प्राथमिक तहका भाषा पाठ्यपुस्तकमा प्रत्येक पाठमा बढीमा दस बाह्रभन्दा बढी नयाँ शब्द राखिनु उपयुक्त हुँदैन । नयाँ शब्दहरुको पुनरावृत्ति अघिल्ला पाठहरुमा हुनुपर्छ । शब्द भण्डारको छनोटमा नियन्त्रण हुनुपर्छ । विषयवस्तुलाई प्रस्तुत गर्न शब्द छनोटमा छनोटकर्ता विशेष रुपमा सचेत हुनुपर्छ । पूर्व पठित पाठमा प्रयुक्त शब्दको अर्थयुक्त आवृत्ति र नविन शब्दले थपोटमा सावधान हुनु जरुरी छ । नयाँ शब्दभण्डारका वितरण सबै पाठहरुमा समानुपातिक ढङ्गबाट गरिनु पर्छ । भाषा पाठ्यपुस्तकमा ८०% तल्लो कक्षाहरुमा प्रयोग भइसकेका शब्दहरु नै प्रयोग गर्नुपर्छ । २०% नयाँ शब्दहरु यथास्थान प्रयोग हुनुपर्छ । नयाँ शब्दभण्डारको वितरण सबै पाठहरुमासमानुपातिकढङ्गबाट गरिनुपर्छ । केही पाठहरुमा आवश्यकताभन्दा बढी नयाँ शब्दहरु राख्ने र केहीमा एउटा पर्नि नयाँ शब्द नराख्ने गर्नु हुँदैन । प्राविधिक र पारिभाषिक श्रुतिसमभिन्नार्थक शब्द, पयार्यवाची शब्द, अनेकार्थी शब्दहरु स्तर र आवश्यकता अनुसार सहज र बोधात्मक वाक्य रचनामा प्रयोग गर्नु उपयुक्त हुन्छ (ढुङ्गेल, २०६९:१७१)।

**(ग) भाषा संरचना**

पाठ्यपुस्तक भित्र प्रयुक्त भाषा संरचनाको समग्र स्तर नै भाषा हो । भाषिक संरचना र शैलीको सरलता र गहनताले भाषा पाठ्यपुस्तकको स्तरगत उपयुक्तताको पहिचान र मूल्याङ्कन गर्न सहयोग पुऱ्याउँछ । भाषा पाठ्यपुस्तकको भाषा विद्यार्थीको रुचि, क्षमता, स्तर अनुरुप सरल र व्यावहारिक हुनु आवश्यक छ । प्रारम्भ तहका सुरुका कक्षाहरुमा बढिमा तीन चार ओटा शब्दद्वारा संरचित वाक्य संरचना तथा पछिल्ला कक्षामा क्रमशः बढीमा दस, बाह्र ओटा शब्दले बनेका वाक्य संरचना भएको भाषा प्रयोग गर्नु उचित देखिन्छ (पौडेल, २०७३:२७२) ।

**(घ) अभ्यास**

भाषिक सिपहरु अभ्यासद्वारा मात्र प्राप्त हुन्छन् । विषयगत र विधागत प्रकृति अनुसार अभ्यासहरुको योजना गरिनु जरुरी छ । अरु पाठ्यपुस्तकले विषयवस्तुको बोधसँग सम्बन्धित प्रश्नहरु मात्र समावेश गरेका हुन्छन् तर भाषाको पुस्तककमा पर्याप्त अभ्यासहरु समावेश हुनुपर्छ र तिनीहरुमा विविधता पनि हुनु अति आवश्यकता हुन्छ । अभ्यासलाई

नमुनाका रुपमा लिई त्यस्तै थुप्रै अभ्यास गराउने प्रयास सम्बन्धित शिक्षकले गरुन् भन्ने ध्येय समेत भाषा पाठ्यक्रमले राखेको हुन्छ । अभ्यासले निपुण बनाउँछ । 'कि पढेर जानिन्छ कि परेर' भनेजस्ता भनाइले अभ्यासको महत्वलाई नै बढाएको देखिन्छ । भाषाका सिपहरु बिना अभ्यास प्राप्त हुँदैनन् । भाषा सिकाइमा प्रयत्न र भुलको नियम लागु हुन्छ । यसमा पनि अभ्यास अनिवार्य हुन आउँछ । भाषा पाठ्यपुस्तकमा समाविष्ट पाठ्यांशका अन्तिममा दिइने अभ्यास खण्डको अवस्था हेरेर त्यस पुस्तकको मूल्याङ्कन गर्न सकिन्छ र राम्रो पुस्तक त्यही ठहर्छ, जसमा अभ्यास पर्याप्त दिइएको छ र ती अभ्यासमा विविधता छ । अभ्यास र आवृत्ति भाषा शिक्षणको सिद्धान्त पनि हो । यस सिद्धान्त अनुसारको पाठ्यपुस्तक लेखन वा सम्पादन हुनु आवश्यक छ । सैद्धान्तिक ज्ञानबाट मात्र भाषिक सिप प्राप्त हुन सक्दैनन् । नमुना अभ्यासमा विद्यार्थीको सिर्जनात्मक क्षमतालाई उजागर गर्न सक्ने अभ्यासहरु पनि समावेश गरिनु आवश्यक हुन्छ(ढकाल, २०७३:२४) ।

**(ङ) चित्र**

भाषा पाठ्यपुस्तकको अर्को विशेषता चित्रको प्रयोग पनि हो । कथ्यलाई पुष्टि गर्न पाठ्यपुस्तकमा चित्रहरुको उपयोग हुनु आवश्यक छ । अमूर्त, अदृष्य र भावनात्मक विषयलाई मूर्त, दृश्य र वस्तुपरक स्वरुप दिने चित्रलाई सार्वभौम भाषाको रुपमा लिइन्छ । प्रारम्भिक कक्षामा रङ्गिन, आकर्षक र ठूला चित्र हुनु राम्रा हुन्छ । उत्तरवर्ती कक्षामा सामान्य रुपमा श्यामश्वेत तर स्पष्ट र आकर्षण चित्र हुनु उपयुक्त हुन्छ । चित्रले सानो ठाउँमा धेरै कुरा अभिव्यक्त गर्न सक्दछ । शब्दद्वारा व्यक्त गर्न गाह्रो हुने विषयलाई स्पष्ट्याउने सर्वोत्तम उपाय चित्रात्मक प्रस्तुति नै हो । त्यसैले भाषा पाठ्यपुस्तकमा यसको अनिवार्यतालाई बुझ्नु जरुरी छ (ढकाल, २०७३:२४६) ।

### २.३.२.२.२ पाठ्यपुस्तकहरुको प्रस्तुतिगत उपयुक्तता

कुनै पनि भाषा पाठ्यपुस्तकलाई गुणस्तरीय बनाउन त्यसका पाठ्यवस्तुको प्रस्तुतिले महत्वपूर्ण भूमिका खेल्दछ । पाठ्यवस्तुको प्रस्तुतिका निम्ति विषयवस्तु वा विधाको छनोट र त्यसको स्तरण के कति उपयुक्त छ भनेर कुनै पनि भाषा पाठ्यपुस्तकको आन्तरिक विशेषताको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्न सकिन्छ (पौडेल, २०७३:२७५) ।

**(क) छनोट**

सीमित समय, साधन, श्रम र स्रोतमा अत्यावश्यक कुराहरु नछुटाइकन र अनावश्यक कुरा नपारीकन विषयवस्तु छनोट गर्नु अनिवार्य हुन्छ । सामान्यतया पाठ्यवस्तु तल्ला कक्षामा सरल, सरस, सुवोध साथै सङ्क्षिप्त हुनु सान्दर्भिक मानिन्छ भने माथिल्लो कक्षामा पाठ्यवस्तु छनोटको स्तरीकरण गर्दै सबै सिप तथा भाषा तत्वको विकास हुने गरी विभिन्न विधा तथा भाषाशैलीलाई समेट्दै जानु राम्रो हुन्छ । यसरी हर्दा पाठ्यवस्तु छनोटले विषयवस्तुको सीमाङ्कन गरी थोरै पाठ्यवस्तुबाट अधिकतम ज्ञान, सिप र क्षमता हासिल हुने विषयवस्तुको चयन गरिनु पर्दछ (ढकाल, २०७३:२४५) ।

**(ख) स्तरण**

भाषा पाठ्यपुस्तकलाई गुणस्तरीय बनाउन छनोट पछि स्तरणको विशिष्ट भूमिका हुन्छ । भाषा पाठ्य पुस्तकमा छनोट भएका विविध विषयवस्तुहरुको प्रस्तुतिकरणमा विविधता हुनु जरुरी हुन्छ । छनोटले छान्नेका कच्चा माललाई व्यवस्थित अनुक्रममा ढालेर शिक्षण योग्य बनाइ प्रस्तुत गर्ने काम स्तरणले गर्दछ । पाठ्यवस्तुको स्तरण ज्ञातबाट अज्ञात, मूर्तबाट अर्मूत, सरलबाट जटिल जस्ता सिद्धान्त अनुसार गर्नुपर्दछ (ढुङ्गेल, २०६९:१७०) ।

# अध्याय-तीन

## अध्ययन प्रक्रिया/विधि

### ३.१ अध्ययनको संरचना

शोधपत्र तयार गर्ने क्रममा धेरै थरिका विधिको प्रयोग गर्न सकिन्छ । शोधकार्य निर्माण गर्दा सबै प्रकारका अध्ययन विधिहरुको प्रयोग गर्न सम्भव हुँदैन । त्यसकारण शोधको शीर्षक, प्रकृति, समयको उपलब्धता आदिको आधारमा शोध विधिको चयन गर्नु उपयुक्त हुन्छ । यो शोधकार्य "**कक्षा ९ को नेपाली भाषा पाठ्यपुस्तक (२०७५) को बाह्यान्तरिक विशेषताका आधारमा विश्लेषणात्मक**" भएकाले यसमाभाषा पाठ्यपुस्तकको सैद्धान्तिक अवधारणा, बाह्य आन्तरिक मूल्याङ्कनको सैद्धान्तिक अवधारणा र क्षेत्रीय सामग्री सङ्कलन विधिको पनि आंशिक रुपमा उपयोग गरी निष्कर्षमा पुग्ने प्रयास गरिएको छ । यसै आधारमा "कक्षा-९ को नेपाली किताब" मा राखिएका विधाहरु विद्यार्थीहरुका लागि उपयोगी भए वा नभएको बारेमा प्रश्नावली निर्माण गरी शिक्षक वर्ग र विद्यार्थी वर्गलाई सोधिएको छ । आन्तरिक र बाह्य विशेषताका आधारमा उपयुक्त भए नभएको बारेमा अध्ययनगरिएको छ । यो अध्ययन वर्तमान कक्षा ९ को नेपाली पाठ्यपुस्तकलाई मुख्य रुपमा लिनुका साथै पाठ्यपुस्तकका सम्बन्धमा लेखिएका सामग्रीलाई गौण रुपमा राखिएको छ ।

प्रस्तुत शोधसँग सम्बन्धित अध्ययन कार्य गर्नका लागि सैद्धान्तिक आधारको रुपमा वर्णनात्मक, विश्लेषणात्मक पुस्तकालयीय र क्षेत्र भ्रमण विधिको उपयोग गरिएको छ । त्यसैगरी पाठ्यपुस्तकको आन्तरिक र बाह्य विशेषताको सिद्धान्तको आधारमा क्षेत्र भ्रमणबाट आएका नतिजालाई अध्ययन विश्लेषण गरी निष्कर्षमा पुग्ने प्रयास गरिएको छ ।

### ३.२. जनसङ्ख्या र नमुना

प्रस्तुत अध्ययन क्षेत्रीय सर्वेक्षण विधिको उपयोग गर्दै सुनसरी जिल्लाका श्री महेन्द्र मा.वि., श्री जनसहयोग मा.वि., श्री राष्ट्रिय मा.वि., श्री जनता मा.वि., शहिद स्मृति आवास मा.वि., नमुना एकेडेमी, तरहरा मोडेल एकेडेमी, श्री ज्ञानदर्पण एकेडेमी, लिटल पिस हेमन इङ्लिस स्कूल, इष्ट वेष्ट पोइन्ट इङ्लिस स्कूलका शिक्षक, विद्यार्थी र ती शिक्षक र विद्यार्थी मध्ये कक्षा ९ मा नेपाली विषय अध्ययन गराउने १० जना शिक्षक र कक्षा ९ मा अध्ययन

गर्ने १० जना छात्र र १० जना छात्रा गरी जम्मा २० जना विद्यार्थीलाई जनसङ्ख्या/नमुनाका रुपमा लिइएको छ ।

### ३.३ नमुना छनोट प्रक्रिया

प्रस्तुत अनुसन्धान कार्य गर्दा प्रतिनिधिमुलक नमुना छनोट गरिएको छ । यसमा सुनसरी जिल्लाका ५ ओटा सामुदायिक र ५ ओटा संस्थागत विद्यालयका कक्षा ९ मा नेपाली अध्यापन गराउने १० जना शिक्षकलाई र दश विद्यालयका कक्षा ९ मा अध्ययनरत १० जना छात्रका साथै १० जना छात्रालाई प्रतिनिधिका रुपमा लिइएको छ ।

### ३.४तथ्याङ्क सङ्कलन र साधन

यस शीर्षकमा शोधपत्र तयार पार्नका लागि प्रश्नावली निर्माण गरी बन्द र आवश्यक मात्रामा खुला प्रश्न निर्माण गरी तथ्याङ्क सङ्कलन गरिएको छ । यसका साथै शिक्षाविद्, पाठ्यक्रम, पाठ्यपुस्तक विशेषज्ञ र अध्याताहरुले निर्धारण गरेका पाठ्यपुस्तक विश्लेषण सम्बन्धी सैद्धान्तिक मान्यताहरुको अध्ययन गरिएको छ ।

### ३.५तथ्याङ्क सङ्कलन प्रक्रिया

यो शोधपत्रको शीर्षकमा तथ्याङ्क सङ्कलन गर्दा सम्बन्धित तहका पाठ्यक्रम, पाठ्यपुस्तक र विभिन्न अनुसन्धानकर्ताहरुले गरेको तथा सम्बन्धित तहमा अध्यापन गराउने शिक्षक र अध्ययनरत विद्यार्थीहरुबाट प्रश्नावलीकामार्फत तथ्याङ्कन सङ्कलनगरिएको छ । प्रश्नावली र प्राप्त उत्तरलाई परिशिष्टमा राखिएको छ ।

### ३.६. तथ्याङ्क व्याख्या र विश्लेषण प्रक्रिया

शोधपत्र तयार गरिने क्रममा सङ्कलन गरिएका तथ्याङ्हरुलाई व्याख्या र विश्लेषण गरिएको छ । प्रतिनिधि नमुना मार्फत सङ्कलित प्रतिक्रियाहरुलाई छ र छैन जस्ता दुई स्केलमा तालिकीकरण गरी त्यसलाई प्रतिशतका आधारमा विश्लेषण गरिएको छ ।

## अध्याय-चार

## नतिजा/परिमाण र छलफल

पाठ्यक्रमले शिक्षालाई व्यवहारिक, उद्देश्यमूलक एवम् समय सापेक्ष बनाउने प्रयोजनले कक्षागत रुपमा विषयगत उद्देश्यतय गरेको पाइन्छ । कक्षा ९ माध्यमिक तहको मध्य कक्षा हो । कक्षा ८ सम्मको अध्ययन पूरा गरेका विद्यार्थीहरुको रुचि, क्षमता, योग्यता र पूर्वज्ञान आदिलाई ध्यानमा राखेर कक्षा ९ को नेपाली विषयको कक्षागत पाठ्यक्रम तयार गरिएको पाइन्छ । कक्षा ९ को पाठ्यपुस्तकमा ४ ओटा विधाका १६ ओटा पाठहरु राखिएका छन् । यस एकाइमा कक्षा ९ को नेपाली किताबको क्षेत्र भ्रमण गर्दा आएको नतिजालाई तालिकामा प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ ।

### ४.१ आन्तरिक पक्षको आधारमा कक्षा ९ को नेपाली किताबको अध्ययन

पाठ्यपुस्तकको आन्तरिक विशेषता भित्र पर्ने आधार वा पक्षहरुलाई कक्षा ९ मा नेपाली विषय अध्यापन गराउने शिक्षकहरुलाई प्रश्नावलीका माध्यमबाट मत लिई यस प्रकार व्याख्या विश्लेषण गरिएको छ :-

### ४.१.१ विषयवस्तु

कक्षा ९ को नेपाली किताबमा समावेश गरिएका विषयवस्तुका सम्बन्धमा कक्षा ९ मा नेपाली विषय पढाउने १० जना शिक्षकहरुबाट लिएको मतलाई प्रतिशतका आधारमा निम्न तालिकामा प्रस्तुत गरिन्छ ।

तालिका सङ्ख्या-१

विषयवस्तुका सम्बन्धमा शिक्षकको धारणा

| क्र.सं. | आधार | प्रतिक्रिया | |
|---|---|---|---|
| | | छ | छैन |
| १. | विद्यार्थी केन्द्रित विषयवस्तु | १००% | – |
| २. | विषयवस्तुको स्तरयुक्तता | ९०% | १०% |
| ३. | राष्ट्रिय भावना जगाउने विषयवस्तु | १००% | – |
| ४. | साँस्कृतिक भावना जगाउने विषयवस्तु | ९०% | १०% |
| ५. | विद्यार्थीको आवश्यकता अनुकूलको विषयवस्तु | ७०% | ३०% |
| ६. | अनुशासित गराउने विषयवस्तु | १००% | – |
| ७. | स्वावलम्बी बनाउने विषयवस्तु | ६०% | ४०% |

माथिको तालिकालाई विश्लेषण गर्दा कक्षा ९ को नेपाली किताबमा विद्यार्थी केन्द्रित विषयवस्तुमा शिक्षकहरुको सकारात्मक धारणा व्यक्त गरेका छन् । विषयवस्तुको स्तरयुक्ततामा ९०% शिक्षकले सकारात्मक प्रतिक्रिया जनाएका छन् भने १०% शिक्षकले नकारात्मक प्रतिक्रिया दिएका छन् । राष्ट्रिय भावना जगाउने विषयवस्तुमा १००% शिक्षककैसकारात्मकपक्षदिएका छन् । साँस्कृतिक भावना जगाउने विषयवस्तु पाठ्यपुस्तकमा ९०% शिक्षकहरुको राय सकरात्मक दिएका छन् भने १०% शिक्षकले नकारात्मकराय दिएका छन् । विद्यार्थीको आवश्यकता अनुकूलको विषयवस्तु प्रति ७०% शिक्षकहरुले सकरात्क सुभ;ाव दिएका छन् भने ३०% शिक्षकहरुले नकारात्मक सुझाव दिएका छन् । पाठ्यपुस्तकमा अनुशासित गराउने विषयवस्तुमा सबै शिक्षकले सकारात्मक प्रतिक्रिया दिएका छन् । पाठ्यपुस्तकमा अनुशासित गराउने विषयवस्तुमा सबै शिक्षकले सकारात्मक प्रतिक्रिया दिएका छन् । यसका साथै पाठ्यपुस्तकमा स्वावलम्बी बनाउने विषयवस्तुमा ६०% शिक्षकले सकारात्मक प्रक्रिया दिएका र ४०% शिक्षकले नकरात्मक प्रतिक्रिया दिएका छन् । समग्रमा केही विषयवस्तुमाहुनुपर्ने कुराहरु केही कम मात्रामा रहेका र प्राय धेरै कुरा विषयवस्तुमा समावेश गरिएको माथिको अध्ययनले देखाएको छ ।

### ४.१.२ विषयवस्तुको सङ्गठन तथा प्रस्तुति

कक्षा ९ को नेपाली किताबमा समावेश गरिएका विषयवस्तुको सङ्गठन तथा प्रस्तुतिकरणका सम्बन्धमा कक्षा ९ मा नेपाली विषय पढाउने १० जना शिक्षकहरुबाट लिएको मतलाई प्रतिशतका आधारमा निम्न अनुसार तालिकामा प्रस्तुत गरिन्छ :-

तालिका सङ्ख्या-२

विषयवस्तुको सङ्गठन तथा प्रस्तुतिका सम्बन्धमा शिक्षकको धारणा

| क्र.सं. | आधार | प्रतिक्रिया | |
|---|---|---|---|
| | | छ | छैन |
| १. | पाठ्यविधाको रखाइक्रमको उपयुक्तता | ९०% | १०% |
| २. | शीर्षक सान्दर्भिकता | ८०% | २०% |
| ३. | छनोट तथा स्तरणको क्रम | ७०% | ३०% |
| ४. | सरलबाट जटिलताको क्रम | ७०% | ३०% |
| ५. | विद्यार्थीको स्तर अनुरुपको पाठको लम्बाइ | ५०% | ५०% |
| ६. | वाक्यको र अनुच्छेदको लमाइको उपयुक्तता | ९०% | १०% |

माथिको तालिकालाई अध्ययन गर्दा कक्षा ९ को नेपाली किताबमा पाठ्यविधाको रखाइक्रमको उपयुक्ततामा ९०% शिक्षकले मत सकारात्मक दिएका छन् भने १०% शिक्षकले नकारात्मक प्रतिक्रिया दिएका छन् । पाठ्यपुस्तकको शीर्षक सान्दर्भिकतामा ८०% सकारात्मक प्रतिक्रिया दिएका छन् भने २०% शिक्षकले नकारात्मक पक्षमा प्रतिक्रिया दिएका छन् । छनोट र स्तरणको क्रममा ७०% शिक्षकले सकारात्मक प्रतिक्रिया दिएका छन् र नकारात्मक पक्षमा ३०% शिक्षकले प्रतिक्रिया दिएका छन् । पाठ्यपुस्तक सरलबाट जटिलताको क्रममा ७०% शिक्षकले सकारात्मक प्रतिक्रिया दिएका छन् भने नकारात्मक पक्षमा ३०% शिक्षकले प्रतिक्रिया दिएका छन् । विद्यार्थीको स्तर अनुरुपको पाठको लम्बाइमा शिक्षकको सकारात्मक र नकारात्मक दुवै पक्षमा ५०%-५०% प्रतिक्रिया दिएका छन् । त्यसका साथै पाठ्यपुस्तकमा वाक्यको र अनुच्छेदकोलमाइको उपयुक्तततामा ९०% शिक्षकले सकारात्मक प्रतिक्रिया देखाएका छन् भने १०% शिक्षकले नकारात्मक पक्षमा प्रतिक्रिया

दिएका छन् । समग्रमाः केही विषयवस्तुमा हुनुपर्ने केही पक्षहरुमा कमि देखिएका छन् भने धेरै कुरा विषयवस्तुमा समेटिएका छन् भनि माथिको विश्लेषणले देखाएको छ ।

### ४.१.३ पाठ्यविधाको भाषिक पक्ष

कक्षा ९ को नेपाली किताबमा समावेश गरिएका पाठ्यविद्याको भाषिक पक्षका सम्बन्धमा कक्षा ९ मा नेपाली विषय पढाउने १० जना शिक्षकहरुबाट लिएको सुझावलाई प्रतिशतका आधारमा निम्न अनुसार तालिकामा प्रस्तुत गरिन्छ :-

तालिका सङ्ख्या-३

पाठ्यविधाको भाषिक पक्षका सम्बन्धमा शिक्षकको धारणा

| **क्र.सं.** | **आधार** | **प्रतिक्रिया** | |
|---|---|---|---|
| | | **छ** | **छैन** |
| १. | विद्यार्थीको क्षमता अनुकूलको भाषाको प्रयोग | १००% | – |
| २. | पाठ्यक्रम अनुसार सुनाइ सिपमा ध्यान | १००% | – |
| ३. | छनोट तथा स्तरणको क्रम | १००% | – |
| ४. | सरलबाट जटिलताको क्रम | ९०% | १०% |
| ५. | विद्यार्थीको स्तर अनुरुपको पाठको लम्बाइ | १००% | – |
| ६. | वाक्यको र अनुच्छेदको लमाइको उपयुक्तता | ७०% | ३०% |

माथिको तालिकालाई विश्लेषण गर्दा कक्षा ९ को नेपाली किताबमा विद्यार्थीको क्षमता अनुकूलको भाषाको प्रयोगमा सकारात्मक धारणा शिक्षकले व्यक्त गरेका छन् । पाठ्यक्रम अनुसार सुनाइ सिपमा ध्यानमा १००% शिक्षकले सकरात्मक प्रतिक्रिया दिएका छन् । पाठ्यपुस्तकमा पाठ्यक्रम अनुसार पढाइ सिपका ध्यानमा पनि सबै शिक्षकले सकारात्मक प्रतिक्रिया दिएका छन् । पाठ्यक्रम अनुरुप बोलाइ सिपमा ध्यानमा ९०% शिक्षकले सकारात्मक प्रतिक्रिया दिएका छन् भने १०% शिक्षकले नकारात्मक प्रतिक्रिया दिएका छन् । पाठ्यक्रम अनुरुप लेखाइ सिपमा ध्यानमा पनि सम्पूर्ण शिक्षकले सकारात्मक प्रतिक्रिया दिएका छन् । यसका साथै वाक्यगत ढाँचामा सरलबाट जटिलता तिरको क्रममा ७०% शिक्षकले सकारात्मक प्रतिक्रिया दिएका छन् भने ३०% शिक्षकले नकारात्मक प्रतिक्रिया

दिएका छन् । समग्रमा केही विषयवस्तुमा हुनुपर्ने कुराहरु केही कम मात्रामा रहेका र धेरै कुरा विषयवस्तुमा समावेश गरिएको माथिको अध्ययनले देखाएको छ ।

### ४.१.४ व्याकरणगत शुद्धताको स्तर

कक्षा ९ को नेपाली किताबमा समावेश गरिएका व्याकरणगत शुद्धताको स्तरका सम्बन्धमा कक्षा ९ को नेपाली विषय शिक्षण गर्ने १० जना शिक्षकहरुबाट लिएको मतलाई प्रतिशतका आधारमा यस प्रकार प्रस्तुत गरिन्छ :-

तालिका सङ्ख्या-४

व्याकरणगत शुद्धताको स्तरका सम्बन्धमा शिक्षकको धारणा

| क.सं. | आधार | प्रतिक्रिया | |
|---|---|---|---|
| | | छ | छैन |
| १. | अभ्यास पक्ष | ९०% | १०% |
| २. | पाठ्यक्रमको उद्देश्य अनुरुप नमुना अभ्यास | ६०% | ४०% |
| ३. | भाषिक सिप विकास गर्ने अभ्यास | १००% | – |
| ४. | सरलबाट जटिलको क्रम | ८०% | २०% |
| ५. | विद्यार्थीको सिर्जनात्मक पक्ष उकास्ने अभ्यास | ८०% | २०% |
| ६. | आगमन विधिको प्रयोग | १००% | – |
| ७. | विधासँग सम्बन्धित अभ्यास | १००% | – |
| ८. | विद्यार्थीको कठिनाइ पक्षमा ध्यान | ४०% | ६०% |
| ९. | विद्यार्थीको उमेर, क्षमता र पूर्व अनुभवको ख्याल | ६०% | ४०% |
| १०. | प्रश्नको स्पष्टता | ७०% | ३०% |
| ११. | प्रयोगात्मक अभ्यासको स्तर | ७०% | ३०% |

माथि प्रस्तुत तालिकाको विश्लेषण गर्दा कक्षा ९ को नेपाली किताबमा पाठ्यपुस्तकको अभ्यास पक्षमा ९०% शिक्षकले सकारात्मक प्रतिक्रिया दिएका छन् भने १०% शिक्षकले नकारात्मक प्रतिक्रिया दिएका छन् । पाठ्यक्रमको उद्देश्य अनुरुप नमुना अभ्यासमा शिक्षकको प्रतिक्रिया ६०% सकारात्मक र ४०% नकारात्मक दिएका छन् । भाषिक सिप विकास गर्ने अभ्यासमा सबै शिक्षकहरुले सकारात्मक प्रतिक्रिया दिएका छन् । सरलबाट

जटिलताको क्रममा ८०% शिक्षकले सकारात्मक र २०% शिक्षकले नकारात्मक प्रतिक्रिया दिएका छन् । पाठ्यपुस्तकमा विद्यार्थीको सिर्जनात्मक पक्ष उकास्ने अभ्यासमा पनि ८०% शिक्षकले सकारात्मक र २०% शिक्षकले नकारात्मक पक्षमा प्रतिक्रिया देखाएका छन् । आगमन विधिको प्रयोगमा १००% शिक्षकले नै सकारात्मक प्रतिक्रिया दिएका छन् ।विधासँग सम्बन्धित अभ्यासमा पनि सम्पूर्ण शिक्षकले सकारात्मक प्रतिक्रिया दिएका छन् । विद्यार्थीको कठिनाइ पक्षमा ध्यानमा ४०% शिक्षकले सकारात्मक र ६०% शिक्षकले नकारात्मक पक्षमा प्रतिक्रिया दिएका छन् ? विद्यार्थीको उमेर, क्षमता र पूर्व अनुभवको ख्यालमा ६०% शिक्षकले सकारात्मक र ४०% शिक्षकले नकारात्मकप्रतिक्रियाजनाएकाछन् । प्रश्नको स्पष्टतामा ७०% शिक्षकले सकारात्मक प्रतिक्रिया दिएका छन् भने ३०% शिक्षकले नकारात्मक प्रतिक्रिया दिएका छन् । त्यसैगरी प्रयोगात्मक अभ्यासको स्तरमा ७०% शिक्षकले सकारात्मक र ३०% शिक्षकको नकारात्मक प्रतिक्रिया दिएका छन् । समस्तमा केही विषयमा हुनुपर्ने कुराहरु केही कम मात्रामा रहेका छन् र धेरै कुरा व्याकरणगत शुद्धताको स्तरमा राखिएको माथिको अध्ययनले बताएको छ ।

### ४.१.५चित्र पक्ष

कक्षा ९ को नेपाली किताबमा समावेश गरिएका चित्र पक्षका सम्बन्धमा कक्षा ९ मा नेपाली शिक्षण गर्ने १० जना शिक्षकहरुबाट लिएको मतलाई प्रतिशतका आधारमा निम्न तालिकामा प्रस्तुत गरिन्छ ।

तालिका सङ्ख्या-५

चित्र पक्षका सम्बन्धमा शिक्षकको धारणा

| क्र.सं. | आधार | प्रतिक्रिया | |
|---|---|---|---|
| | | छ | छैन |
| १. | उपयुक्त चित्रको छपाइ | ५०% | ५०% |
| २. | विषयगत धारणा दिने चित्र | ७०% | ३०% |
| ३. | पाठको भावनात्मक विचारलाई मूर्त रुप दिन सक्ने | ६०% | ४०% |
| ४. | चित्रको उमेरगत दृष्टिले उपयुक्तता | ३०% | ७०% |
| ५. | रङ्गीन चित्रको प्रयोग | १०% | ९०% |
| ६. | विद्यार्थीलाई पाठप्रति सकारात्मक धारणा दिने चित्र | ६०% | ४०% |

माथिको तालिकालाई अध्ययन गर्दा कक्षा ९ को नेपाली किताबमा उपयुक्त चित्रको छपाइमा ५०% शिक्षकले सकारात्मक प्रतिक्रिया र ५०% शिक्षकले नकारात्मक प्रतिक्रिया दिएकाछन् । विषयगत धारणा दिने चित्रका ७०% शिक्षकले सकारात्मक पक्षमा र ३०% शिक्षकले नकारात्मक पक्षमा प्रतिक्रिया दिएका छन् । पाठको भावनात्मक विचारलाई मूर्त रुप दिन सक्नेमा ६०% शिक्षकले सकारात्मक प्रतिक्रिया दिएका छन् भने ४०% शिक्षकले नकारात्मक पक्षमा प्रतिक्रिया दिएका छन् । चित्रको उमेरगत दृष्टिले उपयुक्ततामा एकदमै कम यानकी ३०% शिक्षकले मात्र सकारात्मक पक्षमा प्रतिक्रिया दिएका र बाँकी ७०% शिक्षकले नकारात्मक पक्षमा प्रतिक्रिया दिएका छन् ।पाठ्यपुस्तकमा रङ्गीन चित्रको प्रयोगमा एकदमै कम १०% शिक्षकले सकारात्मक प्रतिक्रिया दिएका छन् भने बाँकी रहेका ९०% शिक्षकले नकारात्मक प्रतिक्रिया दिएका छन् र विद्यार्थीलाई पाठप्रति सकारात्मक धारणा दिने चित्रका ६०% शिक्षकले सकारात्मक प्रतिक्रिया र ४०% शिक्षकले नकारात्मक प्रतिक्रियादिएकाछन् । समग्रमा केही चित्र पक्षमा हुनुपर्ने कुराहरु कमै मात्रामा रहेका छन् भने केही पक्षलाई समेटिएका छन् भन्ने माथिको अध्ययनले उल्लेख गरेको छ ।

### ४.२बाह्य पक्षको आधारमा कक्षा ९ को नेपाली किताबको अध्ययन

पाठ्यपुस्तकको बाह्य विशेषता भित्र पर्ने आधार वा पक्षलाई कक्षा ९ मा नेपाली विषय अध्ययन गराउने शिक्षकहरुलाई र कक्षा ९ मा अध्ययन गरिरहेका विद्यार्थीहरुलाई प्रश्नावलीको माध्यमबाट मत लिई निम्न अनुसार विश्लेषण गरिएको छ।

तालिका सङ्ख्या-६

बाह्य पक्षको सम्बन्धमा शिक्षकको धारणा

| क्र.सं. | आधार | प्रतिक्रिया | |
|---|---|---|---|
| | | छ | छैन |
| १. | पाठ्यवस्तु झल्काउने आवरण पृष्ठ | ८०% | २०% |
| २. | पाठ्यपुस्तकको उपयुक्त आकार | १००% | – |
| ३. | छपाइको स्तर | ५०% | ५०% |
| ४. | शब्द शब्द बिचको उपयुक्त दुरी | १००% | – |
| ५. | अनुच्छेद अनुच्छेद बिचको उपयुक्त दुरी | १००% | – |
| ६. | आवरण पृष्ठमा प्रयोग भएका अक्षरका आकार | ९०% | १०% |
| ७. | पाठका शीर्षकमा प्रयोग भएका अक्षरको आकार | ९०% | १०% |
| ८. | पाठमा प्रयोग भएका अक्षरको स्तर | ९०% | १०% |
| ९. | कागतको स्तर | २०% | ८०% |
| १०. | विषयसूची रखाइको उपयुक्त क्रम | ८०% | २०% |
| ११. | सर्वसुलभ र मूल्य | ८०% | २०% |

प्रस्तुत तालिकाको अध्ययन गर्दा कक्षा ९ को नेपाली किताबमा पाठ्यपुस्तक झल्काउने आवरण पृष्ठमा ८०% शिक्षकले सकारात्मक र २०% शिक्षकले नकारात्मक प्रतिक्रिया दिएका छन् । पाठको उपयुक्तताको आकारमा १००% शिक्षकले सकारात्मक प्रतिक्रिया दिएका छन् । पाठ्यपुस्तकको छपाइको स्तरमा ५०% शिक्षकले सकारात्मक प्रतिक्रिया र ५०% शिक्षकले नकारात्मक प्रतिक्रिया दिएका छन् । शब्द शब्द बिचको उपयुक्त दुरीमा सबै शिक्षकले सकारात्मक प्रतिक्रिया दिएकाछन् । अनुच्छेद अनुच्छेद बिच उपयुक्त दुरीमा पनि १००% शिक्षकले सकारात्मक प्रतिक्रिया दिएका छन् । आवरण पृष्ठमा प्रयोग गरिएको अक्षरको स्तरमा ९०% शिक्षकले सकारात्मक प्रतिक्रिया दिएका छन् भने १०% शिक्षकले नकारात्मक पक्षमा प्रतिक्रिया दिएका छन् । पाठका शीर्षकमा प्रयोग भएका अक्षरको आकारमा ९०% शिक्षकले सकारात्मक र १०% शिक्षकले नकारात्मक प्रतिक्रिया जनाएका छन् । पाठमा प्रयोग भएका अक्षरका स्तरमा ९०% शिक्षकले सकारात्मक प्रतिक्रिया र बाँकी १०% ले नकारात्मक प्रतिक्रिया दिएका छन् । कागतको स्तरमा न्युन मात्रामा मात्र २०% शिक्षकले

सकारात्मक प्रतिक्रिया दिएका छन् भने नकारात्मक पक्षमा भने निकै धेरै यानकी ८०% शिक्षकले प्रतिक्रिया दिएका छन् । विषयसूची रखाइको उपयुक्तता क्रममा ८०% शिक्षकले सकारात्मक र २०% शिक्षकले नकारात्मक प्रतिक्रिया दिएका छन् । त्यसैगरी सर्वसुलभ र मूल्यमा ८०% शिक्षकले सकारात्मक र २०% शिक्षकले नकारात्मक प्रतिक्रिया दिएका छन् । समग्रमा केही विषयवस्तुमा हुनुपर्ने कुराहरु केही मात्रामा कम रहेका र केहीमा चाहिँ निकै कमि रहेका र धेरै कुरा बाह्य पक्षमा समेटिएका माथि प्रस्तुत अध्ययनले देखाएको छ ।

तालिका सङ्ख्या-७

बाह्य पक्षको सम्बन्धमा विद्यार्थीको धारणा

| क.सं. | आधार | प्रतिक्रिया | |
|---|---|---|---|
| | | छ | छैन |
| १. | आवरणको पृष्ठ राम्रो छ ? | ७०% | ३०% |
| २. | पाठ्यपुस्तक सानो/ठूलो/ठिकको के छ ? | १००% | – |
| ३. | अक्षरहरु राम्ररी बुझिने छन् ? | ७५% | २५% |
| ४. | यो सर्वसुलभ (जतातत्तै किन्न पाइने/भेटिने) छ ? | ६५% | ३५% |
| ५. | आवरण पृष्ठमा प्रयोग गरिएका अक्षर राम्रा छन् ? | ८५% | १५% |
| ६. | पाठको शीर्षकमा प्रयोग भएका अक्षर ठिक्कका छन् ? | ८०% | २०% |
| ७. | पाठ्यपुस्तकको कागत राम्रो छ ? | २५% | ७५% |
| ८. | मूल्य सस्तो (ठिक्क) छ ? | ८०% | २०% |

प्रस्तुत तालिकामा अध्ययन गर्दा कक्षा ९ को नेपाली किताबमा पाठ्यपुस्तकको आवरण पृष्ठ राम्रो छ मा ७०% शिक्षकले सकारात्मक प्रतिक्रिया दिएका छन् भने ३०% शिक्षकले नकारात्मक प्रतिक्रिया दिएका छन् । पाठ्यपुस्तकमा सानो/ठूलो/ठिक्कको के छ मा सबै शिक्षकले सकारात्मक प्रतिक्रिया जनाएका छन् । अक्षरहरु राम्ररी बुझिने छन्मा ७५% शिक्षकले सकारात्मक धारणा र २५% शिक्षकले नकारात्मक धारणा दिएका छन् । यो पाठ्यपुस्तक सर्वसुलभ (जताजतै किन्ने पाइने/भेटिने) छ मा सकारात्मक प्रतिक्रियामा ६५% शिक्षक र नकारात्मक प्रतिक्रिया जनाउनेमा ३५% शिक्षक रहेका छन् । आवरण पृष्ठमा प्रयोग गरिएका अक्षर राम्रा छन्मा ८५% शिक्षकले सकरात्मक प्रतिक्रिया देखाएका छन् भने

१५% शिक्षकले नकारात्मक प्रतिक्रिया देखाएका छन् । पाठका शीर्षकमा प्रयोग गएिका अक्षर ठिक्कका छन्मा ८०% शिक्षकले सकारात्मक प्रतिक्रिया र २०% शिक्षकले नकारात्मक प्रतिक्रिया देखाएका छन् । पाठ्यपुस्तकको कागत राम्रो छ मा २५% मात्र शिक्षकले सकारात्मक प्रतिक्रिया दिएका र बाँकी ७५% शिक्षकले नकारात्मक प्रतिक्रिया दिएका छन् । त्यसैगरी मूल्य सस्तो (ठिक्क) छ मा ८०% शिक्षकले सकारात्मक र २०% शिक्षकले नकारात्मक प्रतिक्रिया दिएका छन् । समग्रमा केही विषयवस्तुमा हुनुपर्ने कुराहरु केही मात्रामा कम रहेका र धेरै कुराहरु बाह्य पक्षमा समावेश गरिएको माथिको विश्लेषणले देखाएको छ ।

# अध्याय-पाँच

# निष्कर्ष, सुझाव तथा उपयोगिता

## ५. निष्कर्ष, सुझाव तथा उपयोगिता

नेपाल सरकार र शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्रद्वारा तयार गरिएको कक्षा ९ को "नेपाल भरीका सरकारी विद्यालयहरुको कक्षा ९ मा अध्ययन गराएका छन् भने निजी विद्यालयहरुमा पनि यसको पठन पाठन हुने गरेको छ । यस परिप्रेक्ष्यमा कक्षा ९ को नेपाली किताबलाई आन्तरिक र बाह्य विशेषताका आधारमा अध्ययन विश्लेषण गर्नु यो शोधको मुख्य उद्देश्य रहेको छ ।

कक्षा ९ को नेपाली किताबको अध्ययन गर्नु आफैमा एउटा जटिल कार्य हो । नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त शब्दभण्डारको अध्ययन, नमुना अभ्यासको अध्ययन, कथा विधा, कविता विधा, शब्द भण्डारको अध्ययन भएको छ । सैद्धान्तिक वर्णनात्मक तथा क्षेत्र भ्रमण विधिको उपयोग गरी माथिका पक्षको अध्ययन भइ सकेकाले यस अध्यायमा निम्न बमोजिम निष्कर्ष र सुझाव दिने प्रयास गरिएको छ ।

## ५.१ निष्कर्ष

यस अनुसन्धान कार्यबाट निम्न अनुसारका निष्कर्ष निकालिएको छ :-

क) कक्षा ९ को नेपाली किताबमा समाविष्ट विद्यार्थी केन्द्रित विषयवस्तु, विषयवस्तुको स्तरयुक्तता साथै विद्यार्थीहरुमा राष्ट्रिय भावना जगाउने विषयवस्तु पर्याप्त मात्रामा उपयुक्त रहेको पाइयो ।

ख) विद्यार्थीहरुमा साँस्कृतिक भावना जगाउन सक्ने विषयवस्तु पर्याप्त मात्रामा रहेको तर विद्यार्थीहरुको आवश्यकता अनुकूलका विषयवस्तुमा भने प्रशस्त मात्रामा राख्न नसकिएको पाइयो ।

ग) विद्यार्थीहरुबाट अनुशासित गराउने विषयवस्तु प्रशस्त मात्रामा पाइयो तर स्वाबलम्बी बनाउने विषयवस्तुमा भने विचार पुऱ्याउनुपर्ने देखियो ।

घ) यस पाठ्यपुस्तकमा विद्यार्थीहरुको रखाइ उपयुक्त रुपमा पर्याप्त मात्रामा राखिनुका साथै शीर्षक सान्दर्भिकतालाई पनि प्रभावकारी मात्रामा समावेश गरिएको पाइयो ।

ङ) यस पाठ्यपुस्तकमा विद्यार्थीको स्तर अनुरुपको पाठको लम्बाइमा भने अझ बढी विचार पुऱ्याउनु पर्ने देखियो ।

च) वाक्य र अनुच्छेदको लम्बाइको उपयुक्तता पर्याप्त मात्रामा समावेश गरिएको पाइयो ।

छ) यस पाठ्यपुस्तकमा भाषाका चारै सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) मा पर्याप्त विचार पुऱ्याइएको पाइयो ।

ज) यस पाठ्यपुस्तकमा व्याकरणगत शुद्धता रहेको पाइयो ।

झ) यस पाठ्यपुस्तकमा विद्यार्थीको कठिनाइ पक्षमा विशेष ध्यान नदिएको पाइयो ।

ञ) विद्यार्थीको उमेर, क्षमता, पूर्व अनुभवको ख्यालमा अलि विचार गर्नुपर्ने देखियो ।

ट) यस पाठ्यपुस्तकमा अभ्यासको स्तर उपयुक्त नै रहेको देखियो ।

ठ) यस पाठ्यपुस्तकमा उपयुक्त चित्रको छपाइ पक्ष कमजोर देखियो ।

ड) पाठको भावनात्मक विचारलाई मूर्त रुप दिन सक्ने चित्र अलि कमै रहेको पाइयो ।

ढ) चित्रको उमेरगत दृष्टिले उपयुक्तता कमजोर रहको देखिनुका साथै रङ्गीन चित्रको प्रयोग गर्न नसकिएको देखियो ।

ण) पाठ्पुस्तक झल्काउने आवरण पृष्ठका साथै पाठ्यपुस्तक उपयुक्त आकारमा पर्याप्तता पाइयो तर छपाइ पक्ष कमजोर देखियो ।

त) यो पाठ्यपुस्तकमा प्रयोग भएको अक्षरको आकार प्रभावकारी रहेको पाइनुका साथसाथै शब्द र अनुच्छेदको दुरी पनि प्रभावकारी रहेको पाइयो ।

थ) पाठ्यपुस्तकमा प्रयोग भएको कागतको स्तर कमजोर देखियो ।

द) पाठ्यपुस्तक सब विद्यार्थीले प्रयोग गर्न सकिने मूल्य रहेको पाइयो ।

## ५.२ सुझाव

यस अनुसन्धान कार्यबाट निम्न अनुसार सुझाव निकालिएको छ :-

(क) यस पाठ्यपुस्तकमा विद्यार्थीका आवश्यकता अनुकूलका विषयवस्तु समावेश गर्नुपर्ने ।

(ख) विद्यार्थीहरुलाई स्वावलम्बी बनाउने विषयवस्तु समावेशमा अलि विचार पुऱ्याउनुपर्ने ।

(ग) विद्यार्थीको स्तर अनुकूलको पाठको लम्बाइमा विचार गर्नुपर्ने ।

(घ) विद्यार्थीलाई बुझ्न कठिन पाठलाई सरलीकृत गरी पाठ्यपुस्तकमा समावेश गर्नुपर्ने ।

(ङ) पाठ्यपुस्तकमा प्रयोग भएका क्रियाकलापहरु विद्यार्थीको स्तर, क्षमता र पूर्वज्ञानसँग सम्बन्धित किसिमको बनाउनुपर्ने ।

(च) यस पाठ्यपुस्तकमा चित्रको छपाई पक्ष स्तरीय बनाउनुका साथै पाठको भावनात्मक विचारलाई मूर्त रुप दिन सक्ने चित्र बनाउनुपर्ने ।

(छ) चित्रहरु विद्यार्थी उमेरगत दृष्टिले उपयुक्त बनाउनुका साथै रङ्गीन चित्र बनाउनुपर्ने ।

(ज) यस पाठ्यपुस्तकमा प्रयोग भएको कागजको स्तर बलियो/बाक्लो, आवरण पृष्ठ प्लाष्टिकले कभर गर्नुपर्ने साथै बँधाइमा पनि ख्याल गर्नुपर्ने देखियो ।

### ५.३उपयोगिता

यस अध्ययनको उपयोगिताहरु नीतिगत तह र कार्यान्वयन तहमा हुनुपर्ने छन् ।

### ५.३.१ नीतिगत तह

यस अध्ययनको नीतिगत तहका उपयोगिताबारे निम्न अनुसार बुँदामा प्रस्तुत गरिएको छः-

(क) यस अध्ययनले तहगत रुपमा सामग्री सङ्कलनमा सचेत गराउनेछ ।

(ख) यस पाठ्यपुस्तकको विश्लेषणबाट यस पाठ्यपुस्तकका सवल र दुर्वल पक्षको आधारको पहिचानगरी दुर्वल पक्षको निराकरण गर्न सहयोग पुग्नेछ ।

(ग) यस अध्ययनले पाठ्यपुस्तक लेख्ने व्यक्ति वा संस्था र तयार गर्ने संस्थालाई भाषा पाठ्यपुस्तककोआन्तरिक र बाह्य पक्षमा स्तर अनुसार राख्नुपर्ने बोध गराउनेछ ।

(घ) पाठ्यपुस्तक निर्माण गर्ने क्रममा विद्यार्थीका सामाजिक, मनोवैज्ञानिक तथा शैक्षिक पक्षको ख्यालगराउनेछ ।

(ङ) यस अध्ययनले भाषा पाठ्यपुस्तकको अध्ययन विश्लेषण गर्ने इच्छुक शोधार्थीलाई शोधकार्यमाकेही रुपमा सहयोगीपूर्ण हुनेछ ।

यसैले गर्दा यो अध्ययनको नीतिगत तहमा उपयोगिता छ ।

### ५.३.२ कार्यान्वयन तह

प्रस्तुत अध्ययनका कार्यान्वयनका तहमा उपयोगितालाई यसप्रकार बुँदामा प्रस्तुत गरिएको छः-

(क) नेपाली पाठ्यपुस्तक भित्र केही समस्या रहेमा तिनको निराकरण गर्न सहयोग पुग्छ ।

(ख) विद्यार्थीको रुचि, क्षमता र स्तर पत्ता लगाउन सहयोग पुग्छ ।

(ग) पाठ्यपुस्तकमा रहेका आन्तरिक र बाह्य समस्या थाहा पाउन सकिन्छ ।

(घ) के-कस्ता पक्ष पाठ्यपुस्तकमा समावेश गर्दा कक्षा प्रभावकारी/उपयुक्त हुन्छ भन्ने पक्षको पहिचान गर्न सकिन्छ ।

## ५.४आगामी अनुसन्धानका लागि शीर्षक

प्रस्तुत अनुसन्धान कार्यबाट आगामी अनुसन्धानका लागि निम्न शीर्षक दिएर अनुसन्धान गर्न सक्ने अनुमान गरिएको छ :-

(क) कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा राखिएका कथाहरुको अध्ययन ।

(ख) कक्षा ९ को नेपाली किताबमा प्रयोग भएका चित्रहरुको अध्ययन ।

(ग) कक्षा ९ को नेपाली किताबमा प्रयोग भएका शब्द भण्डारको अध्ययन ।

(घ) कक्षा ९ को नेपाली किताबमा प्रयोग भएका व्याकरणहरुको अध्ययन ।

# सन्दर्भ सूची


ओझा, रमेश (२०७२), *हाम्रो नेपाली किताब र रसिलो नेपाली किताबको तुलनात्मक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शिक्षा शोधपत्र, शिक्षाशास्त्र, जनता बहुमुखी क्याम्पसः इटहरी सुनसरी ।

कार्की, डिसन र अन्य (२०६९), *भाषा पाठ्यक्रम पाठ्यपुस्तक तथा शिक्षण पद्धति,* गड्ठाघर, भक्तपुरः सारथी पब्लिकेसन प्रा.लि. ।

ढकाल, टिकादत्त (२०७२), *कक्षा २ को मेरो नेपाली किताबको विश्लेषणात्मक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शिक्षा, शोधपत्र, शिक्षाशास्त्र, सुकुना बहुमुखी क्याम्पस, कोशी हरैचा, मोरङ ।

ढकाल, शान्तिप्रसाद (२०७३), *प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम,* काठमाडौंः पिनाकल पब्लिकेसन प्रा.लि. ।

न्यौपाने, दिपकप्रसाद (२०७३), *नेपालको भाषिक परिदृश्य, संज्ञान,* मोरङः नेपाली शिक्षण समिति, सुकुना बहुमुखी क्याम्पस ।

पौडेल, माधवप्रसाद (२०७३), *प्रायोगिक भाषा विज्ञानका आयामहरु,* काठमाडौंः हेरिटेज पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स प्रा.लि. ।

फुयाँल, सरस्वती (२०६२),*कक्षा ८ को हाम्रो नेपाली किताबको विश्लेषणात्मक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शिक्षा शोधपत्र, शिक्षाशास्त्र, त्रि.वि. कीर्तिपुर ।

विष्ट, फुलमाया (२०६४), कक्षा ३ को मेरो नेपाली किताब र हाम्रो सजिलो नेपालीको तुलनात्मक अध्ययन अप्रकाशित, स्नातकोत्तर शिक्षा शोधपत्र, शिक्षाशास्त्र सुकुना बहुमुखी क्याम्पस, कोशी हरैँचा, मोरङ ।

श्रेष्ठ, सन्तोषी (२०६८), *कक्षा २ को मेरो नेपाली किताबको विश्लेषण,* अप्रकाशित स्नातकोत्तर शिक्षा शोधपत्र, शिक्षाशास्त्र, त्रि.वि. कीर्तिपुर ।

सापकोटा, दिपक (२०६७), *कक्षा ७ को नेपाली श्रृङ्खलाको विश्लेषणात्मक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शिक्षा शोधपत्र, शिक्षाशास्त्र, त्रि.वि. कीर्तिपुर ।

सुवेदी, मनोज (२०७४), *पाठ्यक्रम अनुरुपताका आधारमा कक्षा दशको नेपाली पाठ्यपुस्तकको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शिक्षा शोधपत्र, शिक्षाशास्त्र जनता बहुमुखी क्याम्पस, इटहरी सुनसरी ।

## व्यक्तिवृत्त

| | | |
|---|---|---|
| शोधार्थीको नाम | : | सिर्जना दाहाल |
| जन्म स्थान | : | खोटाङ |
| जन्म मिति | : | २०५३/१०/३ |
| लिङ्ग | : | महिला |
| माता | : | बिमला दाहाल |
| पिता | : | गोपाल चन्द्र दाहाल |
| राष्ट्रियता | : | नेपाली |
| धर्म | : | हिन्दु |
| पेशा | : | विद्यार्थी |
| स्थायी ठेगाना | : | इटहरी उपमहानगरपालिका-२० |
| अस्थायी ठेगाना | : | इटहरी उपमहानगरपालिका-२० |
| सम्पर्क नं. | : | ९८४९४४६०४१ |

**शैक्षिक योग्यताः**

| साल | तह | सङ्काय | संस्था | श्रेणी |
|---|---|---|---|---|
| २०७३ | स्नातक | शिक्षा | त्रिभुवन विश्वविद्यालय नेपाली | द्वितीय |
| २०७० | +२ | शिक्षा | उ.मा.शि.प.बोर्ड नेपाली | द्वितीय |
| २०६७ | प्रवेशिका | | एस.एल.सी. | द्वितीय |